# प्रभाव दैनिक
National Daily

इ-पेपरका लागि

वर्ष १३ | अंक १३७ | काठमाडौं | सोमबार, २२ भदौ २०८३ | Prabhab National Daily | Monday, 07 September 2026 | www.prabhabonline.com | पृष्ठ ६ | मूल्य रु. ५ |-


कांग्रेसको १५औं महाधिवेशन अनिश्चित

## सभापति थापाले केसीमार्फत राखे सार्ने प्रस्ताव

■ प्रभाव संवाददाता



**काठमाडौं–** नेपाली कांग्रेसको १५औं महाधिवेशन अनिश्चित बनेको छ । असोज १६ गते काठमाडौंमा आयोजना हुने भनिएको महाधिवेशन इतरपक्षको विरोधसँगै अनिश्चित बनेको हो ।

सभापति गगन थापालेसमेत रसुवाको भोटेकोशी बाढीको कारण देखाउँदै महाधिवेशन सार्नुपर्ने अवस्था आइपरेको बताएका छन् । असोजमा महाधिवेशन गर्न कांग्रेसले भदौ २४ गतेदेखि देशभरका वडाहरूमा अधिवेशन गर्ने कार्यतालिका रहेको छ । यो मिति अब परिवर्तन हुने कांग्रेस सहमहामन्त्री योगेन्द्र चौधरीले बताए । 'असोज २ गतेदेखि सुरु हुनेगरी नयाँ मिति ल्याउने तयारी गरेको छ । यसको सम्पूर्ण अधिकारी निर्वाचन समितिमा हुने छ,' सहमहामन्त्री चौधरीले भने ।

पार्टी सभापति थापाले बाढीका कारण तीन जिल्लामा अधिवेशन गर्न नसकिने बताए । 'रसुवा, नुवाकोट, धादिङ तीनवटा जिल्लामा भने अधिवेशन गर्न सकिने अवस्था देखिनँ । यसको बारेमा हामीले कुरा गर्नुपर्ने छ,' आइतबार केन्द्रीय कार्यसम्पादन समितिको बैठकमा सभापति थापाले भने ।

**महाधिवेशन सार्न केसीमार्फत प्रस्ताव**

कांग्रेस सभापति थापाले महाधिवेशन कुनै हालतमा पनि असोजको १६ गते नै हुने दाबी गर्दै आएका छन् । आइतबारको बैठकमा पनि थापाले यही मितिबाट महाधिवेशन तलमाथि नहुने दाबी गरे । 'असोज १६, १७ र १८ गते केन्द्रीय महाधिवेशन काठमाडौंमा हुन्छ । महाधिवेशन गर्नैपर्ने वैधानिक बाध्यता छ । यो अधिवेशनको तिथिमिति तलमाथि गर्ने सुविधा हामीसँग छैन,' थापाले भने ।

> - भदौ २४ गतेबाट वडा अधिवेशन गर्ने कार्यतालिका ल्याएको कांग्रेस हप्ता दिन पर धकेल्दै वडा अधिवेशन
> - क्रियाशील सदस्यता अद्यावधिक नगर्नेलाई महाधिवेशनमा भाग लिन नदिने निर्णयबाट 'ब्याक'
> - अर्जुननरसिंह केसीले अघि सारे संस्थापनइतरको माग

यसबारे केन्द्रीय समितिले कुनै निर्णय लिएको छैन । थापाले महाधिवेशन सार्न अर्जुननरसिंह केसीमार्फत प्रस्ताव अघि बढाएको नेताहरू बताउँछन् । नेता केसीले पार्टी एकताका लागि पाँचबुँदे प्रस्ताव अघि सार्दै महाधिवेशन सार्न प्रस्ताव राखेका हुन् । '१५औं महाधिवेशनको अन्तिम मिति सर्वसम्मतरूपमा आगामी कात्तिक १७ देखि १९ गतेसम्मका लागि तोक्ने र उक्त कार्यतालिका कुनै पनि बहानामा नसार्नेगरी समितिले पूर्ण प्रतिबद्धता जनाउनुपर्ने,' केसीले बैठकमा भने ।

यतिमात्र हैन पूर्वसभापति शेरबहादुर देउवापक्षलाई पनि मिलाउन कार्यसम्पादन समितिको एकीकरण गर्नुपर्ने प्रस्तावसमेत केसीले अघि सारेका छन् । 'विशेष महाधिवेशनको परिधिभित्र रहेर पुरानो र हालको कार्यसम्पादन समितिलाई पार्टी सभापतिको नेतृत्वमा एकीकृत (समायोजन) गरिनुपर्ने,' केसीले भने । केसीले केन्द्रीय समितिको आकार विस्तार गर्नसमेत माग गरे ।

**अद्यावधिक नगरे पनि महाधिवेशनमा भाग लिन पाउने**

जेठ १ गतेदेखि क्रियाशील सदस्यता अद्यावधिक थालेको कांग्रेसले यसलाई अनिवार्य भनेको थियो । सदस्यता अद्यावधिक नगरिए महाधिवेशनमा भाग लिन नपाउने कडा नियमसमेत ल्याएको थियो ।

तर नवीकरण गरिसकेका अधिकांश सदस्यले अद्यावधिक गर्न नमानेपछि कांग्रेसले नवीकरण गरेकालाई पनि महाधिवेशनमा भाग लिन पाउनेगरी नियम खुकुलो पारेको छ । 'पार्टीको अनुशासन उल्लंघन गरेका, पार्टी परित्याग गरेका, निधन भएकाबाहेक सबैलाई १५औं महाधिवेशनका लागि नवीकरण गरे पनि अध्यावधिक नगरेकाहरूलाई १५औं महाधिवेशनमा सहभागी हुन मिल्ने निर्णय भयो,' पार्टीका प्रवक्ता देवराज चालिसेले भने ।

क्रमशः पृष्ठ २ मा

भोटेकोशी बाढीपछिको प्रारम्भिक आकलन

## आवास र पूर्वाधारतर्फ करिब चार खर्बको क्षति, पुनर्निर्माणमा नौ खर्ब लाग्ने

> - भोटेकोशी बाढीबाट करिब तीन खर्ब ८७ अर्बको क्षति
> - सबल र सुरक्षित पुनर्निर्माणका लागि नौ खर्बसम्म लाग्ने अनुमान
> - जस्ताको तस्तै होइन, जोखिम धान्न सक्ने संरचना बनाइने
> - एकदेखि डेढ महिनाभित्र पिडिएनए गरेर विस्तृत योजना बनाइने
> - पुनर्निर्माणका लागि अन्तर्राष्ट्रिय दाता सम्मेलन गर्ने तयारी



रसुवाको भोटेकोशी हुँदै त्रिशूली नदीमा आएको बाढीका कारण नुवाकोट र रसुवाको संगमस्थल बेत्रावती बजारमा पुगेको क्षति । *तस्बिरः रासस*

■ जेबी योञ्जन

**काठमाडौं–** भदौ १० गते भोटेकोशी नदीमा आएको विनाशकारी बाढीले पुऱ्याएको क्षतिको प्रारम्भिक विवरण आएपछि सरकारको ध्यान उद्धार र राहतसँगै पुनर्निर्माणतर्फ मोडिँदै गएको छ । तर, यसपटकको पुनर्निर्माण २०७२ सालको भूकम्पपछिको जस्तो भत्किएका संरचना पुनर्निर्माण गर्नेमात्र नहुने भएको छ ।

जोखिमपूर्ण ठाउँमा पुनः बस्ती बसाउने पुरानै अभ्यास दोहोऱ्याउनुभन्दा अझ सुरक्षित, सबल र भविष्यको विपद् धान्न सक्ने संरचना निर्माण गर्ने तयारी सरकारले अघि बढाएको हो ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले सार्वजनिक गरेको प्रारम्भिक विवरणअनुसार बाढीबाट सम्पत्ति, आवास र पूर्वाधार क्षेत्रमा करिब तीन खर्ब ८७ अर्ब रूपैयाँबराबरको क्षति भएको छ । तर, क्षतिको हिसाबभन्दा पुनर्निर्माणको आवश्यकता निकै ठूलो हुने सरकारको प्रारम्भिक निष्कर्ष छ ।

प्राधिकरणका अनुसार प्रारम्भिक पुनर्स्थापनाका लागिमात्रै सडक, अस्थायी आवास, खानेपानी र विद्युत् पुनर्स्थापनामा करोडौं डलर आवश्यक पर्ने छ भने हजारौं घर पुनर्निर्माण गर्नुपर्ने अवस्था छ । हालै अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले जस्ताको तस्तै संरचना बनाउनेभन्दा अझ सबल र जोखिम बहन गर्न सक्ने ढंगले पुनर्निर्माण गर्दा करिब छ अर्ब डलरसम्म खर्च हुन सक्ने बताइसकेका छन् । सरकारी प्रारम्भिक अनुमानमा पुनर्निर्माणका लागि चार देखि पाँच अर्ब डलर आवश्यक पर्ने उल्लेख भए पनि विस्तृत पुनर्निर्माणको ढाँचा तय भएपछि रकम अझ बढ्न सक्ने देखिएको छ ।

यसको अर्थ, सरकारले भत्किएको सडक पुनः उही स्थानमा पुरानै डिजाइनमा बनाउने वा बगेको पुलको ठाउँमा उस्तै पुलमात्र निर्माण गर्ने सोचभन्दा बाहिर जानुपर्ने छ । नदीको बहाव, हिमाली-उच्च पहाडी भूगोल, सम्भावित हिमताल तथा हिमनदीजन्य जोखिम, जलवायु परिवर्तन र भविष्यमा आउन सक्ने ठूलो बाढीलाई समेत ध्यानमा राखेर संरचना बनाउनुपर्ने चुनौती सरकारसामु छ । यसबीच सरकारले अहिले द्रुत क्षति आकलनको काम गरिरहेको छ । त्यसपछि विस्तृतरूपमा विपद्पछिको आवश्यकता आकलन अर्थात् पोस्ट-डिजास्टर निड असेस्मेन्ट (पिडिएनए) गर्ने तयारी छ ।



> स्थलगत निरीक्षणसँगै सूचना प्रविधि, कृत्रिम बुद्धिमत्ता र अन्य आधुनिक प्रविधिको प्रयोग गरेर क्षतिको वास्तविक अवस्था तथा पुनर्निर्माणको आवश्यकता पहिचान गर्नेछौं ।
>
> **डा. गुणाकर भट्ट**
> उपाध्यक्ष, राष्ट्रिय योजना आयोग

राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. गुणाकर भट्टका अनुसार पिडिएनए एकदेखि डेढ महिनाभित्र सम्पन्न गर्ने लक्ष्य राखिएको छ । उनले प्रभावसँग भने, 'स्थलगत निरीक्षणसँगै सूचना प्रविधि, कृत्रिम बुद्धिमत्ता र अन्य आधुनिक प्रविधिको प्रयोग गरेर क्षतिको वास्तविक अवस्था तथा पुनर्निर्माणको आवश्यकता पहिचान गर्नेछौं ।'

यो विपद् २०७२ सालको भूकम्पभन्दा प्रकृतिमा फरक भएकाले यसको क्षति आकलन र पुनर्निर्माणको ढाँचा पनि फरक हुनुपर्ने सरकारी बुझाइ छ । भूकम्पले मुख्यतः भवन र बस्तीमा क्षति पुऱ्याएको थियो । अहिलेको बाढीले भने नदीको धार नै परिवर्तन गरेको छ, सडक र पुल बगाएको छ, जलविद्युत् आयोजना ध्वस्त बनाएको छ र कतिपय स्थानमा पूरै बस्तीको भूगोल परिवर्तन गरिदिएको छ ।

भट्टको भनाइमा पिडिएनएले कति घर भत्किए र कति सडक बग्यो भन्ने तथ्यांकमात्र निकाल्ने छैन । कुन बस्ती पुनः पुरानै स्थानमा बसाउन मिल्छ, कुन ठाउँबाट स्थानान्तरण गर्नुपर्छ, कुन संरचना पुनर्निर्माण गर्नुपर्छ र कुनलाई नयाँ स्थानमा निर्माण गर्नुपर्छ भन्ने निर्णय पनि यही अध्ययनले गर्नुपर्ने छ ।

यस्तोमा, विस्तृत क्षति र आवश्यकता आकलनपछि सरकारले अन्तर्राष्ट्रिय दाता सम्मेलन आयोजना गर्नेबारे तयारी थालेको छ ।

क्रमशः पृष्ठ २ मा

सन्दर्भः वैदेशिक रोजगार

## साउदीमा श्रम अनुमतिको म्याद थप भएसँगै श्रमिकलाई राहत

> - श्रमिकहरूले आउँदो डिसेम्बर ३१ सम्म वर्क परमिट नवीकरण गर्न समय पाउने
> - रोजगारदाताले डिसेम्बरको अन्त्यसम्म विदेशी श्रमिकको श्रम अनुमतिसम्बन्धी बाँकी प्रक्रिया पूरा गर्नुपर्ने
> - समयसीमा सकिएपछि साउदीले नियामक व्यवस्था थप कडाइका साथ लागू गर्न सक्ने



■ प्रभाव संवाददाता

**काठमाडौं–** साउदी अरबले श्रम अनुमति (वर्क परमिट)को म्याद सकिएका विदेशी कामदारका लागि समय थप गरेको छ । अब श्रमिकहरूले आउँदो डिसेम्बर ३१ सम्म वर्क परमिट नवीकरण गर्न समय पाउने भएका छन् । यसअघि गत जुन ३० सम्मको समय तोकिएकोमा समयसीमा थपिएसँगै साउदीमा कार्यरत नेपालीसहित लाखौं विदेशी श्रमिकले वैधानिकरूपमा रोजगारी गर्न अवसर थपिएको छ ।

साउदीको श्रम मन्त्रालयले रोजगारदातालाई म्याद सकिएका वा आवश्यक प्रक्रिया पूरा नभएका श्रम अनुमति नियमित गर्न थप समय दिएको 'द इकोनमिक टाइम्स'ले जनाएको छ । नयाँ व्यवस्थाअनुसार रोजगारदाताले आगामी डिसेम्बरको अन्त्यसम्म विदेशी श्रमिकको श्रम अनुमतिसम्बन्धी बाँकी प्रक्रिया पूरा गर्नुपर्ने छ । लामो समयदेखि श्रम अनुमति नवीकरण नगरेका तथा रोजगार सुरु गरेको निश्चित अवधिभित्र श्रम अनुमति नलिएका विदेशी श्रमिकलाई यो व्यवस्था लक्षित गरिएको जनाइएको छ ।

समाचारका अनुसार विगतमा वर्क परमिटको म्याद सकिएको तीन महिनाभन्दा बढी समय भए त्यस्ता श्रमिकलाई साउदीको 'किवा' प्लाटफर्ममार्फत स्वतः हटाउने तयारी गरिएको थियो । किवा साउदीको श्रम मन्त्रालयद्वारा सञ्चालित श्रम क्षेत्रसँग सम्बन्धित एकीकृत डिजिटल प्रणाली हो । तर सरकारले उक्त स्वचालित प्रक्रिया यस वर्षको अन्त्यसम्म स्थगित गर्दै रोजगारदातालाई थप समय दिएको जनाइएको छ ।

समयसीमा सकिएपछि साउदीले नियामक व्यवस्था थप कडाइका साथ लागू गर्न सक्ने देखिन्छ । तोकिएको समयसीमाभित्र रोजगारदाताले श्रम अनुमति नवीकरण वा आवश्यक प्रक्रिया पूरा नगरे जरिवाना, सम्बन्धित निकायबाट कारबाही तथा श्रमिकलाई रोजगारदाताको किवा प्रणालीको अभिलेखबाट हटाउने जस्ता कारबाही हुने भनिएको छ ।

साउदी सरकारले पछिल्ला वर्षहरूमा श्रमबजारलाई डिजिटल प्रणालीमा रूपान्तरण गर्दै रोजगारदाता तथा श्रमिकको कानुनी अवस्थालाई व्यवस्थित गर्ने नीति अवलम्बन गर्न थालेको छ । जसकारण वर्क परमिट, करार सम्झौता र रोजगारदाताको अभिलेखलाई किवा प्रणालीमार्फत व्यवस्थापन गर्ने प्रक्रियालाई थप कडा बनाएको समाचारमा उल्लेख छ ।

क्रमशः पृष्ठ २ मा


'पीडामा साथ दिनु नै मानवता हो'

आउनुहोस्, भोटेकोशी बाढीप्रभावितको राहत र पुनःस्थापनाका लागि सक्दो सहयोग गरौं !

प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष

| बैंकको नाम | बैंक खाता नम्बर |
|---|---|
| हिमालयन बैंक लिमिटेड ($ डलर खाता) | 01905631210046 |
| स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लि. | 01013243801<br>02013243801 |
| राष्ट्रिय वाणिज्य बैंक | 1130100003762001<br>1130100000006006 |
| एभरेस्ट बैंक लिमिटेड | 00100105200270<br>00101102200012 |
| नेपाल बैंक लिमिटेड | 00211600510039000003<br>00200100510039000001 |
| ग्लोबल आइएमई बैंक लि. | 00401010000057<br>00411010000005 |
| नबिल बैंक | 1710017505285 |
| कृषि विकास बैंक लि. | 0100201002907014 |
| **प्रधानमन्त्री राहत कोष** | |
| राष्ट्रिय वाणिज्य कोष | 1430100000025006<br>1430100001164001 |

विपद्मा राज्यसँगै हामी

प्रभाव दैनिक National Daily | www.prabhabonline.com | प्रभाव पब्लिकेसन प्रा.लि. कामपा–७, सिफल, काठमाडौं

## पृष्ठ १ बाट क्रमशः

### आवास...

परराष्ट्रमन्त्री शिशिर खनालले हालै सञ्चारकर्मीहरूलाई भनेअनुसार पिडिएनएपछि प्राप्त तथ्यांकका आधारमा मित्रराष्ट्र तथा बहुपक्षीय विकास साझेदारहरूसँग समन्वय गरिने बताइसकेका छन् ।

यस विषयमा अर्थ मन्त्रालय र परराष्ट्र मन्त्रालयबीच छलफल भइरहेको छ । पुनर्निर्माणका लागि सरकारको आफ्नै स्रोत पर्याप्त नहुने भएकाले दातृ निकाय, मित्रराष्ट्र, विकास साझेदार तथा अन्तर्राष्ट्रिय वित्तीय संस्थाको सहयोग आवश्यक पर्ने सरकारी निष्कर्ष छ ।

२०७२ सालको भूकम्पपछि नेपालले पिडिएनए गरेर काठमाडौंमा अन्तर्राष्ट्रिय दाता सम्मेलन आयोजना गरेको थियो । त्यतिबेला करिब सात अर्ब डलरबराबरको क्षति भएको सरकारी मूल्यांकन गरिएको थियो भने दाताहरूले साढे चार अर्ब डलरभन्दा बढी सहयोगको प्रतिबद्धता जनाएका थिए ।

यसपटक पनि त्यही अनुभवलाई आधार बनाएर दाता सम्मेलनको तयारी हुन सक्ने देखिएको छ । तर, सरकारको चुनौती सहयोगको प्रतिबद्धता जुटाउनुमात्र होइन । प्रतिबद्ध रकम समयमै परिचालन गर्ने, पारदर्शीरूपमा खर्च गर्ने र पीडितसम्म वास्तविक लाभ पुऱ्याउने प्रणाली निर्माण गर्नु पनि उत्तिकै महत्त्वपूर्ण हुने छ ।

बाढीपछिको प्रारम्भिक चरणमा विभिन्न देश र संस्थाहरूले राहत तथा उद्धारमा सहयोग गरिरहेका छन् । प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा १० अर्ब रूपैयाँभन्दा बढी रकम संकलन भएको विवरण सार्वजनिक भएको छ । भारत, चीन, अमेरिका, अस्ट्रेलिया, बेलायत, युरोपेली संघ, युएई, कतारलगायत देशले राहत सामग्री, नगद सहायता र प्राविधिक सहयोग उपलब्ध गराएका छन् । बहुपक्षीय दातृ निकायहरूले पनि पुनर्स्थापनाका लागि सहयोग गर्ने प्रतिबद्धता जनाएका छन् ।

विश्व बैंकले सहुलियतपूर्ण कर्जा उपलब्ध गराउने प्रतिबद्धता जनाएको छ भने एसियाली विकास बैंकले बजेटरी तथा प्राविधिक सहयोग गर्ने जनाएको छ । संयुक्त राष्ट्रसंघ र मानवीय सहायता साझेदारहरूले पनि प्रभावित हजारौं मानिसका लागि आकस्मिक सहायता अपिल जारी गरेका छन् ।

तर, राहतका लागि आएको रकम र सामग्रीलाई दीर्घकालीन पुनर्निर्माणको स्रोत ठान्न नहुने विज्ञहरूको बुझाइ छ । तत्काल राहत र दीर्घकालीन पुनर्निर्माण दुई फरक चरण भएकाले सरकारले अहिलेबाटै वित्तीय स्रोतको स्पष्ट योजना बनाउनुपर्ने छ ।

■■■

### सभापति...

चालिसेले यो वक्तव्य जारी गर्नुअघि सभापति थापासँग छलफल गरेका थिए । देउवापक्षले मंसिरको २१ गतेदेखि काठमाडौंमा १५औं महाधिवेशन गर्ने कार्यतालिका सार्वजनिक गरिसकेको छ । देउवापक्षका नेता रमेश लेखकले पार्टीको महाधिवेशन प्रक्रिया तत्काल नरोके कांग्रेस विभाजन हुनबाट कसैले रोक्न नसक्ने चेतावनी दिएका छन् ।

कञ्चनपुरको दोधारा-चाँदनी क्षेत्रमा कार्यकर्तासँगको भेटघाटका क्रममा लेखकले सभापति थापा लचक बन्नुपर्ने बताएका हुन् । 'अहिले पनि आ-आफ्नो अधिवेशन रोकाएर समझदारी गर्न सकिन्छ । यदि अधिवेशन रोकिएन भने पार्टी विभाजन हुन्छ । यो कुरा साथीहरूलाई प्रस्ट भन्नुपर्छ,' लेखकले भने ।

लेखकले विशेष महाधिवेशनमार्फत १४औं महाधिवेशनबाट बनेको कार्यसमिति हटाइएकाले अहिलेको समस्या सिर्जना भएको दाबी गरे । विशेष महाधिवेशन र १४औं महाधिवेशनबाट बनेको कार्यसमितिलाई एक ठाउँमा राखेर विवाद समाधान गर्नुपर्ने उनको भनाइ छ । उनले सभापति गगन थापालाई हटाउने आफूहरूको माग नरहेको स्पष्ट पारे ।

#### शेखरको दौडधुप जारी

मध्यमार्गी नेता बन्ने दाउमा रहेका कांग्रेस नेता डा. शेखर कोइरालाले आइतबार पनि सभापति गगन थापासँग भेटेका छन् । दिउँसो भएको भेटमा पार्टीभित्रको आन्तरिक समस्या समाधानका विषयमा कुराकानी भएको बताइएको छ । यसअघि पनि थापाले शेखरसँग विशालनगर पुगेर भेटेका थिए ।

कोइरालाले अहिले देश, लोकतन्त्र र राष्ट्रियता अप्ठ्यारो अवस्थामा पुगेकाले कांग्रेस पार्टी एकढिक्का हुनुको विकल्प नरहेको भन्दै यसका लागि आफ्नोतर्फबाट जे जति त्याग गर्न पनि आफू तयार रहेको प्रस्ट पारेको उनको सचिवालयले जनायो । सभापति थापाले आफू पनि पार्टी एकताकै पक्षमा रहेको जवाफ फर्काएका थिए ।

■■■

### साउदीमा श्रम...

साउदी नेपाली श्रमिकका प्रमुख श्रम गन्तव्य हो । वैदेशिक रोजगार विभागबाट जारी हुने श्रम स्वीकृतिको तथ्यांकले पनि खाडी मुलुक नेपाली श्रमिकको प्रमुख रोजगार गन्तव्य भएको देखाउँदै आएको छ । साउदी अरबमा विशेषगरी निर्माण, सरसफाइ, सुरक्षा, होटल तथा रेस्टुरेन्ट, यातायात, सेवालगायतका क्षेत्रमा नेपालीहरू काम गर्छन् ।

गन्तव्य मुलुकमा श्रमिकको वैधानिकता महत्त्वपूर्ण हुन्छ । साउदीस्थित नेपाली दूतावासले गैरकानुनीरूपमा बासोवास गरिरहेकाहरूलाई विभिन्न समयमा बहिर्गमन भिसासमेत प्रदान गर्दै आएको छ । यसरी फर्किने श्रमिकले आवश्यक खर्च आफैं तिर्नुपर्छ । वर्क परमिट तथा रोजगारसम्बन्धी कागजातमा समस्या आउँदा श्रमिकले भनेअनुसारको तलब, रोजगारी परिवर्तन तथा कानुनी संरक्षण नपाउने अवस्था आउँछ । साथै, श्रमिकहरू स्वेश फर्कन चाहेको अवस्थामा पनि विभिन्न किसिमका जटिलताको सामना गर्नुपर्छ । कतिपय अवस्थामा कम्पनी बन्द हुँदा वा रोजगारदाताले आवश्यक कानुनी प्रक्रिया पूरा नगर्दा पनि श्रमिकहरू अलपत्र पर्ने गरेका छन् ।

साउदी सरकारले समयसीमा थप गरेसँगै वर्क परमिटको म्याद सकिएका नेपाली श्रमिकलाई पनि लाभ पुग्ने अपेक्षा गरिएको छ । तर यसका लागि कम्पनीको रोजगारदाताले आवश्यक प्रक्रिया पूरा गरेपछि मात्र श्रमिकले वैधानिकरूपमा काम गर्न पाउने जनाइएको छ ।

# बाढीग्रस्त तामाङ समुदायका लागि जलवायु क्षतिपूर्तिको दाबी गर्न माग

■ प्रभाव संवाददाता

**काठमाडौं–** विकसित मुलुकहरूले गर्ने कार्बन उत्सर्जन र जलवायु परिवर्तनका कारण हिमताल फुट्दा भोटेकोशी–त्रिशूली क्षेत्रमा ठूलो जनधनको क्षति भएको भन्दै तामाङ समुदायका अगुवाहरूले अन्तर्राष्ट्रिय मञ्चमा जलवायु क्षतिपूर्तिको बलियो दाबी पेस गर्न सरकारलाई आग्रह गरेका छन् ।

ताम्सालिङ नागरिक समाजले आइतबार बौद्धमा आयोजना गरेको भोटेकोशी बाढीसम्बन्धी छलफल कार्यक्रममा सहभागीहरूले कार्बन उत्सर्जन गर्ने धनी देशहरूबाट क्षतिपूर्ति भराउन सरकारलाई सहयोग गर्नुपर्ने र सो रकम बाढीबाट सबैभन्दा धेरै प्रभावित तामाङ समुदायसम्म पुऱ्याउन अडान राख्नुपर्नेमा जोड दिएका छन् ।

कार्यक्रममा बोल्दै पूर्वमन्त्री हितबहादुर तामाङले यस विपद्लाई 'ताम्सालिङ डिजास्टर' वा 'ताम्सालिङ बाढी' को नाम दिन सकिने बताए । उनले जलवायु परिवर्तनको मूल्य साना र निर्दोष मुलुकहरूले चुकाउनुपरेको धारणा राखे । उनले भने, 'पुँजीवादी र विकसित मुलुकहरूको व्यापार तथा उत्सर्जनका कारण हिमताल फुटेर यो विपत्ति आएको हो । यसबारे प्रधानमन्त्रीले अन्तर्राष्ट्रिय मञ्चमा दृढताका साथ कुरा राख्नुपर्छ । यो बेला विश्वले हाम्रो आवाज सुन्छ ।'



अन्तर्राष्ट्रिय तामाङ परिषद्का महासचिव टासी लामाले संयुक्त राष्ट्रसंघको आसन्न महासभामा सहभागी हुन जाने क्रममा प्रधानमन्त्रीलाई तामाङ समुदायले भोगेको उत्पीडन र क्षतिको वास्तविक कथासहितको बलियो दाबेदारी पेस गर्न सहयोग गर्नुपर्ने बताए । विकसित मुलुकहरूबाट प्राप्त हुने क्षतिपूर्ति र अन्तर्राष्ट्रिय सहयोग वास्तविक पीडितहरूसम्म पुऱ्याउन तामाङ समुदायले सरकारसमक्ष स्पष्ट र सशक्त अडान राख्नुपर्ने उनको भनाइ थियो ।

ताम्सालिङ नागरिक समाजका संयोजक एवं मानवशास्त्री डा. मुक्तसिंह लामाले बाढीप्रभावित क्षेत्रका ९५ प्रतिशत ध्वस्त बस्ती र उद्धार गरिएकाहरूमध्ये ४० प्रतिशत तामाङ समुदायकै रहेका बताए । सीमान्तकृत समुदाय राहत र पुनर्स्थापनामा प्रायः पछाडि पर्ने भएकाले अन्तर्राष्ट्रिय क्षतिपूर्ति, वैदेशिक सहयोग र प्रधानमन्त्री राहत कोषको रकम तामाङहरूकै पुनर्स्थापना र पुनर्निर्माणमा प्रयोग हुनुपर्नेमा उनले जोड दिए । लामाले २०७२ को भूकम्पमा करिब ३७ प्रतिशत तामाङ परे पनि पुनर्स्थापनामा सबैभन्दा पछाडि परेको उदाहरण पेस गरे ।

संयोजक लामाले ताम्सालिङ क्षेत्रमा आएका विपद्हरूमध्ये यसपटकको विपद् सबैभन्दा घातक भएको बताए । भोटेकोशी बाढीलाई ताम्सालिङ विपद्भित्रको 'हिमालयन सुनामी' भन्न सकिने उनको भनाइ थियो । कार्यक्रममा बागमती प्रदेशसभा सदस्य राधिका तामाङ, नेपाल तामाङ घेदुङकी वरिष्ठ उपाध्यक्ष सञ्चु ब्लोन, समाजशास्त्री डा. संग्रामसिंह लामालगायतले सरकारी निकायहरूबीच समन्वयको अभाव र उद्धारमा ढिलाइ भएकोमा असन्तुष्टि जनाए ।


## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८३/०५/२२ गते**

यस कम्पनीको मिति २०८२/१०/१६ मा सम्पन्न भएको विशेष साधारण सभाद्वारा यस **शुक्ला गण्डकी मिडिया प्रा.लि.**को नाम परिवर्तन गरी **तिनतारा डिजिटल प्रा.लि. (दर्ता नम्बर ७८०६२)** कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०८३/०५/१८ गतेको निर्णय अनुसार स्वीकृति प्रदान गरिएको छ । साथै साविकको नाममा रहेको चल अचल सम्पत्ति तथा तिर्नु पर्ने दायित्व यसै कम्पनीले सकार्ने व्यहोर्ने सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## ३५ दिने हकदावी गर्न आउने सार्वजनिक सूचना

२०७६/११/१४ मा दर्ता भएको यस **ड्रीमहव एजुकेशन कन्सल्टेन्सी प्रा.लि.** (प्रा.लि.नं.२३५३८६/०७६/०७७) लाई मिति २०८३/०५/२१ गते बसेको विशेष साधारणसभाको निर्णयानुसार यस कम्पनीलाई स्वेच्छिक खारेजी गर्ने निर्णय गरिएको हुनाले यस कम्पनी प्रति कसैको कुनै प्रकारको आर्थिक लगाएतको दावी भएमा आजको मितिले ३५ दिन भित्र यस कम्पनीको खारेजीकर्ताको कार्यालयमा दावी गर्न आउनु भनि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । दावी गर्न आउदा सक्कल प्रमाण सहित आउनु हुन अनुरोध गरिन्छ ।

**खारेजीकर्ता (लिक्विडेटर) सन्तोष राना मगर (इजाजत नं.१६५)**
**का.म.न.पा. २९, काठमाडौं सम्पर्क नम्बर (९८१३२४४६५५)**

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय

## लिक्वीडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ वमोजिम मिति २०७१/११/१५ मा दर्ता भएको **प्रा. लि. नं. १३२८४२/०७१/०७२** को **ब्लुबर्ड इन्स्टिच्युट प्रा. लि.** को मिति २०८३/०५/२० गतेको विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्वीडेशनमा लैजान निर्णय गरेकोले यस कम्पनीले तिर्नु व्यहोर्नु पर्ने ऋण, धन एवम बाँकी बक्यौता लेनदेन आदि भएमा हकदावी गर्न यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र लिक्वीडेटरको कार्यालयमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सरोज दाहाल (लिक्वीडेटर)**
**इजाजत पत्र नं.३५३, फोन नं. ९८५१२११००२**

## प्रभु ऊर्जा कृषि पर्यटन विकास लिमिटेड को वार्षिक साधारण सभा सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति भाद्र २२, २०८३, सोमबार ।**

उपरोक्त सम्बन्धमा यस कम्पनीको मिति भाद्र १७, २०८३ मा बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार कम्पनीको वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा देहायका विषयमा छलफल तथा निर्णय गर्न बस्ने भएकाले उक्त वार्षिक साधारण सभामा आफैं उपस्थित हुन वा आफ्ना प्रतिनिधि मनोनयन गरि पठाई भाग लिनु हुन सम्पूर्ण शेयरधनी महानुभावज्यूहरूलाई अनुरोध गर्दछौं ।

**तपसिल**

**वार्षिक साधारण सभा हुने मिति, समय र स्थान :**
मिति : आश्विन ११, २०८३ ।
समय : बिहान ७:३० बजे ।
स्थान : कम्पनीको रजिष्टर्ड कार्यालय, का.म.न.पा. ३२, काठमाडौं ।

**साधारण सभामा प्रस्तुत हुने प्रस्तावहरू :**
(क) साधारण प्रस्तावहरु :
१. सञ्चालक समितको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत वार्षिक प्रतिवेदन पारित गर्ने सम्बन्धमा ।
२. आ.व. २०८२/८३ को लेखापरीक्षण प्रतिवेदन पारित गर्ने सम्बन्धमा ।
३. आ.व.२०८३/८४ को लागि लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
४. कम्पनीको सञ्चालक समितिबाट भए गरेका कार्यहरु अनुमोदन सम्बन्धमा ।
(ख) विशेष प्रस्तावहरु :
१. यस कम्पनीको प्रबन्धपत्रको दफा ४ र १२ र नियमावलीको नियम १८ र ३४ संशोधन गर्ने सम्बन्धमा ।
२. कम्पनीको प्रबन्धपत्र र नियमावलीमा भएको संशोधनमा नियमक निकायबाट हुने निर्देशन बमोजिम आवश्यक थपघट तथा परिमार्जन गर्न सञ्चालक समितिलाई अख्तियारी दिने सम्बन्धमा ।
(ग) विविध ।

**नोट :**
१) विस्तृत जानकारीको लागि कार्यालय समय भित्र कम्पनीको कार्यालयमा सर्म्पक राख्न सकिनेछ ।

**कम्पनी सचिव**
PRABHU URJA KRISHI PARYATAN BIKAS LIMITED
**प्रभु ऊर्जा कृषि पर्यटन विकास लिमिटेड**
**का.जि.का.म.न.पा.वडा नं.-३२, काठमाडौं ।**
फो.नं.०१-५९१६३३८/०१-५९१७३३८
www.prabhuurja.com

## हाईड्रो होल्डिङ्गस लिमिटेड को वार्षिक साधारण सभा सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति भाद्र २२, २०८३, सोमबार ।**

उपरोक्त सम्बन्धमा यस कम्पनीको मिति भाद्र १७, २०८३ मा बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार कम्पनीको वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा देहायका विषयमा छलफल तथा निर्णय गर्न बस्ने भएकाले उक्त वार्षिक साधारण सभामा आफैं उपस्थित हुन वा आफ्ना प्रतिनिधि मनोनयन गरि पठाई भाग लिनु हुन सम्पूर्ण शेयरधनी महानुभावज्यूहरूलाई अनुरोध गर्दछौं ।

**तपसिल**

**वार्षिक साधारण सभा हुने मिति, समय र स्थान :**
**मिति** : आश्विन ११, २०८३ ।
**समय** : दिनको ४:०० बजे ।
**स्थान** : कम्पनीको रजिष्टर्ड कार्यालय, का.म.न.पा. ३२, काठमाडौं ।

**साधारण सभामा प्रस्तुत हुने प्रस्तावहरू :**
(क) साधारण प्रस्तावहरु :
१. सञ्चालक समितको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत वार्षिक प्रतिवेदन पारित गर्ने सम्बन्धमा ।
२. आ.व. २०८२/८३ को लेखापरीक्षण प्रतिवेदन पारित गर्ने सम्बन्धमा ।
३. आ.व.२०८३/८४ को लागि लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
४. कम्पनीको सञ्चालक समितिबाट भए गरेका कार्यहरु अनुमोदन सम्बन्धमा ।
(ख) विशेष प्रस्तावहरु :
१. यस कम्पनीको प्रबन्धपत्रको दफा ४, १२ र नियमावलीको नियम १९, ३३ र ४६ संशोधन गर्ने सम्बन्धमा ।
२. कम्पनीको प्रबन्धपत्र र नियमावलीमा भएको संशोधनमा नियमक निकायबाट हुने निर्देशन बमोजिम आवश्यक थपघट तथा परिमार्जन गर्न सञ्चालक समितिलाई अख्तियारी दिने सम्बन्धमा ।
(ग) विविध ।

**नोट :**
१) विस्तृत जानकारीको लागि कार्यालय समय भित्र कम्पनीको कार्यालयमा सर्म्पक राख्न सकिनेछ ।

**कम्पनी सचिव**
HYDRO HOLDINGS LIMITED
**हाईड्रो होल्डिङ्गस लिमिटेड**
का.जि.का.म.न.पा.वडा नं.३२, काठमाडौं
फो.नं. ०१५९१२८७१, ०१५९१२८७२
www.holdingshydro.com

Government of Nepal
Ministry of Defence
Nepali Army

## No.2 Ban Tatha Paryabaran Surakshya Gana

### Invitation for Bid

**(Date of Publication: 2083-05-22)**

1. No.2 Ban Tatha Paryabaran Surakshya Gana, Nawalparasi (East) invites bid for the following.

| S. N. | Name of Procurement | Contract Identification No. | Sale of Bidding Documents: Date | Sale of Bidding Documents: Place | Last Date of Bid Submission | Bid opening Date | Cost Estimate ( without Vat) | Document Fee | Bid Security | Notice Publication times |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction of accommodation & Plantation in Kapilbastu | NA/NO. 2FESBN/NCB/ WORKS/083/84/01 | 2083-05-22 to 2083-06-11 | Hattikhor, Nawalparasi (East) | 2083-06-12 at 12:00 | 2083-06-12 at 13:00 | 90,67,954.02 | 3000.00 | 2,26,000.00 | First time |
| 2. | Plantation with Fencing, in Nawalparasi (West) | NA/NO. 2FESBN/NCB/ WORKS/083/84/02 | 2083-05-22 to 2083-06-11 | Hattikhor, Nawalparasi (East) | 2083-06-12 at 12:00 | 2083-06-12 at 13:00 | 21,51,920.00 | | 54,000.00 | |
| 3. | Construction of artificial lake if Nawalparasi (West) | NA/NO. 2FESBN/NCB/ WORKS/083/84/03 | 2083-05-22 to 2083-06-11 | Hattikhor, Nawalparasi (East) | 2083-06-12 at 12:00 | 2083-06-12 at 13:00 | 21,48,998.23 | | 54,000.00 | |

2. Interested and eligible bidders may contact in office time (9857086942) for further information.

## युएइमा रोजगार

कम्पनी : Sinopec Nanjing Engineering & Construction Inc

पूर्व स्वीकृति मिति : २०८३/०५/२१ | LT. No. 347655 | चलानी नं. ६०२६०७०७

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: AED | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant (Electrician, Mechanical, Electronics, Civil) | 20 | 0 | 1500 | ६१,६९७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Rebar Steel Fixer | 180 | 0 | 1500 | ६१,६९७ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ भदौ २९ गते (14th Sep. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | निःशुल्क | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) कामका विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

All Skills International Human Resource Pvt.ltd.
Maharajganj-03, Basundhara, Kathmandu, Nepal, Tel +977-1-4989541-4989542, (Shiva Subedi) +977 986-9422479
E-Mail : allskillsintl@gmail.com, allskillskishor@gmail.com, Website : www.allskillsintl.com
श्रम इजाजत नं ९५७/०६७/०६८

## साउदीमा रोजगार

कम्पनी : SAED INTERNATIONAL FOR ISTIGDAM.

पूर्व स्वीकृति मिति : २०८३/०५/१८ | LT. No. 346449 | चलानी नं.६०२६०७२७

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: SR | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Supporting Staff | 1 | 0 | 1680 | ६८,०८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ भदौ २९ गते (14th Sep. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) कामका विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


HAMDAN GLOBAL PVT. LTD.
Sinamangal - 9, Kathmandu (Opposite of Hope hospital), Contact No: 01 5915083 / 9802378002 (Vishwas)
9802378002 (Viswas), 9702378007 (Arshad), Email: hamdanglobalnepal@gmail.com, Web: www.hamdanglobal.com
License No. : 1563/079/080

## साउदीमा रोजगार

कम्पनी : AL-TAHTHEEB SCHOOLS FOR GIRLS

पूर्व स्वीकृति मिति : २०८३/०४/१७ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०५/२१ | LT. No. 345953 | चलानी नं.६०२५९१३३

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: SR | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office and Facility Cleaner | 15 | 0 | 1000 | ४०,५२६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ भदौ २९ गते (14th Sep. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) कामका विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


AL-HERA OVERSEAS PVT. LTD.
Tilganga, Ktm, Nepal, Tel: +977-1-4465886, 4465902, E-mail:alheraoverseas@ntc.net.np, jaynulrain@yahoo.com, khatunrain78692@gmail.com, Website :www.al-heraoverseas.com
श्रम इजाजत नं. ५०१/०६१/०६२

## कतारमा रोजगार

कम्पनी : DRAIEH CONTRACTING WLL

पूर्व स्वीकृति मिति : २०८२/१२/०१ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०५/१६ | LT. No. 338335 | चलानी नं. ६०२५३४३९

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: QR | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Worker | 75 | 0 | 1000 | ४१,४४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Carpenter (Building) | 20 | 0 | 1100 | ४५,५९० | | | | | | | |
| 3 | DRIVER (MALE) | 5 | 0 | 1700 | ७०,४५५ | | | | | | | |
| 4 | ELECTRIC TECH | 10 | 0 | 1100 | ४५,५९० | | | | | | | |
| 5 | ELECTRICIANS GEN. | 10 | 0 | 1100 | ४५,५९० | | | | | | | |
| 6 | Labourer / Helpers | 50 | 0 | 1000 | ४१,४४५ | | | | | | | |
| 7 | Masion | 10 | 0 | 1100 | ४५,५९० | | | | | | | |
| 8 | Mechanical Technician | 15 | 0 | 1100 | ४५,५९० | | | | | | | |
| 9 | Store Keepers | 5 | 0 | 1900 | ७८,७८५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ भदौ २९ गते (14th Sep. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) कामका विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


ASLIYA MANPOWER SUPPLY PVT. LTD.
Kathmandu Metropolitian City-9, Gairigaun, Bagmati Province, Phone No. 9843148012, 9707934456
श्रम इजाजत नं. १६६९/०८०/०८१

## साउदीमा रोजगार

कम्पनी : VICOLO COFFEE ESTABLISHMENT

पूर्व स्वीकृति मिति : २०८३/०५/१५ | LT. No. 347244 | चलानी नं.६०२६०७३२

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: SR | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | COFFEE SERVER (WAITER) | 2 | 0 | 1200 | ४८,६३१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Hamda Awad Bin Mashi Al Sharari Customs Clearance Establishment

पूर्व स्वीकृति मिति : २०८३/०५/१५ | LT. No.347245 | चलानी नं.६०२६०७३१

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: SR | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | BOOM TRUCK DRIVER (HEAVY) | 1 | 0 | 1800 | ७२,९४७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Sinopec Tenth Construction Company Limited Branch Company

पूर्व स्वीकृति मिति : २०८३/०५/१५ | LT. No. 347246 | चलानी नं.६०२६०७३०

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: SR | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading And Unloading Worker | 10 | 0 | 1000 | ४०,५२६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Orbit Vision Future Company

पूर्व स्वीकृति मिति : २०८३/०५/०४ | LT. No. 346807 | चलानी नं.६०२६०७२९

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: SR | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office and Facility Cleaner | 3 | 0 | 1000 | ४०,५२६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Dar Tayyeh for Industrial Equipment

पूर्व स्वीकृति मिति : २०८३/०४/२९ | LT. No. 346566 | चलानी नं.६०२६०७२८

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलव: SR | मासिक तलव: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading And Unloading Worker | 1 | 0 | 1000 | ४०,५२६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | GENERAL WORKSHOP WORKER | 3 | 0 | 1000 | ४०,५२६ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ भदौ २९ गते (14th Sep. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/ | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) कामका विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


Al Faraz International Overseas Pvt. Ltd
Gaurighat, Gaurinagar, Kathmandu, Nepal, Contact: 9847416116, Email: hiringalfaraz@outlook.com
Govt. License 1553/079/80

# बाढीप्रभावित क्षेत्रमा संक्रामक रोगको जोखिम

**काठमाडौं–** भोटेकोशी बाढीप्रभावित क्षेत्रमा संक्रामक रोगको जोखिम बढेको छ । दूषित पानी, फोहोर र लामखुट्टेका वृद्धिका कारण विभिन्न रोगको जोखिम उच्च हुने भएकाले सतर्क रहन विज्ञले सुझाव दिएका छन् ।

बाढीको पानी वा बाढीले छोएको पानी पिउनाले झाडापखाला, हैजालगायतका पानीजन्य रोगको जोखिम बढ्न सक्ने भएकाले विज्ञले सतर्क रहन आग्रह गरेका हुन् । शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल, टेकु काठमाडौंका प्रमुख कन्सलटेन्ट फिजिसियन डा. विमल शर्मा चालिसेका अनुसार विपद्मा एकदमै सचेत हुनुपर्ने अवस्था भनेकै व्यक्तिगत सरसफाइमा ध्यान दिनु हो ।

उनी भन्छन्, 'बाढीबाट प्रदूषण फैलिएको हुन्छ । खानेपानी दूषित हुने, खानेकुरामा संक्रमण फैलिने तथा घर बाहिर बस्नुपर्ने अवस्थाका कारण कीटजन्य रोग तथा छालामा संक्रमणको जोखिम हुन सक्छ ।' डा. चालिसे व्यक्तिगत सरसफाइ, खानेपानीको अवस्था, खानाको स्वच्छतामा ध्यान दिनुका साथै शुद्धीकरण गरेको पानी पिउनुपर्ने सुझाव दिन्छन् । यस्तो अवस्थामा दूषित पानी र फोहोर खानाका कारण झाडापखाला र हैजा तीव्ररूपमा फैलिन सक्छ । टाइफाइड र हेपाटाइटिस ए तथा ई जस्ता रोगको संक्रमण पनि हुन सक्छ ।

संक्रामक रोग विशेषज्ञ डा. शेरबहादुर पुन विपद्को समयमा कीटजन्यभन्दा पनि सुरुवाती दिनमा पानीजन्य रोगको बढी सम्भावना रहने बताउँछन् । उनका अनुसार मुख्यतः अहिले व्यक्तिगत सरसफाइमा नै ध्यान दिनुपर्ने हुन्छ । उनी भन्छन्, 'मुख्य भनेको स्वच्छ खानेपानी र खानेकुरा हो । राम्ररी हात धुने र व्यवस्थित शौचालय प्रयोग गर्दा धेरै रोगबाट बच्न सकिन्छ ।'

डा. पुन यसबाट विशेषतः बालबालिका, वृद्धवृद्धा, गर्भवती तथा दीघरोग भएका बिरामीलाई जोगाउनुपर्ने बताउँछन्। उनकाअनुसार शवलाई लामो समयसम्म व्यवस्थापन गर्न सकिएन भने त्यसबाट विभिन्न प्रकारका महामारी निम्तिन सक्ने जोखिम रहन्छ । उहाँ त्यहाँ उत्पन्न हुने प्रदुषित वातावरणले झाडापखाला, हैजालगायतका रोगहरू निम्त्याउन सक्ने बताउँछन् ।

विपद्प्रभावित क्षेत्रमा पुगिरहेका उद्धारकर्ता तथा राहत वितरणमा गएकाहरूले पनि सरसफाइमा ध्यान नदिने हो भने विभिन्न संक्रामक रोग फैलिन सक्ने जोखिम रहेको डा. पुनको भनाइ छ । उनी भन्छन्, 'प्रभावित क्षेत्रमा धेरै नागरिक पुगिरहेको अवस्था छ । उहाँहरूले पनि मास्क लगाउने, सरसफाइमा ध्यान दिने, शौचालयको उचित प्रयोग गर्ने गर्नुपर्छ । नभए उहाँहरू नै रोग सार्ने माध्यम बन्न सक्नुहुन्छ ।'

यस्तै बाढीप्रभावित जिल्लामध्येको नुवाकोटको विदुर नगरपालिकाका विभिन्न होल्डिङ सेन्टरको खानेपानीको नमुना लिने क्रममा १५ वटा पिउने पानीका नमूनामध्ये पाँचवटामा इकोलीको संक्रमण भेटिएको छ । जनस्वास्थ्य कार्यालय नुवाकोटका सूचना अधिकारी कृष्ण रिजालले विदुर नगरपालिकाको त्रिशूली नदी पारितर्फको चार होल्डिङ सेन्टरमा प्रयोग भइरहेको खानेपानीको नमूना लिने क्रममा एउटामा इकोली भेटिएको र त्रिशूली वारितर्फको ११ वटा होल्डिङ सेन्टरमध्ये चारवटा पानीको मुहानमा इकोली पाइएको बताए । उनकाअनुसार खानेपानीको ट्यांकर र धाराको पानीमा उक्त जीवाणु भेटिएको हो ।

सूचना अधिकारी रिजालका अनुसार उक्त खानेपानीको स्रोतलाई निर्मलीकरण गरेर खानयोग्य बनाइसकिएको छ र जोखिमको अवस्था छैन । उनले भने, 'दूषित भएको पानीलाई खानयोग्य बनाउन शुद्धीकरण गरिसकिएको छ र सबैलाई पानी शुद्धीकरण गरेरमात्र प्रयोग गर्न सुझाव दिएका छौं ।' *रासस*

# धार्मिक–सांस्कृतिक पत्रकारिता पुरस्कारका लागि अक्षय कोष स्थापना

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** धर्म, संस्कृति, अध्यात्म, पुरातत्त्व, इतिहास, भूगोललगायत नेपाली मौलिकतालाई प्रवर्द्धन गर्ने विषयमा कलम चलाउने नेपाली पत्रकारलाई पुरस्कृत गर्ने गरी धार्मिक, सांस्कृतिक पत्रकारिता पुरस्कार अक्षय कोष स्थापना शुभारम्भ गरिएको छ ।

धार्मिक, सांस्कृतिक पत्रकार समाज, नेपाल (रेक्जोन) नेतृत्वमा पुरस्कार अक्षय कोष स्थापना गरिएको हो । गोकर्णेश्वर नगरपालिका-५ निवासी कोमलप्रसाद लामिछानेले बीज स्रोतका रूपमा ५० हजार रूपैयाँ दिएपछि पुरस्कार कोष शुभारम्भ गरिएको संस्थाले जानकारी दिएको छ । कोषमा अरु रकम थप गर्न पहल गर्ने प्रतिबद्धता पनि लामिछानेले जनाए ।

पुरस्कार कोष शुभारम्भ कार्यक्रमलाई सम्बोधन गर्दै बागमती प्रदेशका उद्योग, पर्यटन, श्रम तथा यातायातमन्त्री राजेन्द्र प्रजापतिले संस्कृति बचाउन संस्कार महत्त्वपूर्ण विषय भएकाले त्यसको संरक्षणका पक्षमा कलम चलाउने पत्रकारलाई प्रोत्साहन र प्रेरणा दिन पुरस्कार कोषले योगदान गर्ने विश्वास व्यक्त गरे । वैदिक सनातन धर्म, संस्कृतिको रक्षा गरिनुपर्ने उल्लेख गर्दै उनले समाजले धर्मलाई अँगालेपछि नै यसको रक्षा हुने बताए ।

पूर्वगृह राज्यमन्त्री एवं नेपाल महर्षि वैदिक फाउण्डेसनका अध्यक्ष दीपकप्रकाश बास्कोटाले पत्रकारितामा धर्म, संस्कृति लोप हुँदै गएको विधा भएकाले यस क्षेत्रमा काम गर्न सहज नभए पनि यसमा काम गर्न आवश्यक रहेको बताए । विश्वलाई वैदिक बनाउन सीमारहित राष्ट्रको कल्पना गरेर 'विश्व शान्ति राष्ट्रम्' स्थापना भएको जानकारी पनि उनले दिए ।

नेपाल संस्कृत विश्वविद्यालयका प्रा.डा. ध्रुवप्रसाद भट्टराईले शिक्षामा कमजोरी भएकाले अन्य क्षेत्रजस्तै धर्म, संस्कृतिमा पनि विकृति आएकाले शिक्षा सुधार गर्नुपर्नेमा जोड दिए । धार्मिक, सांस्कृतिक व्यक्तित्व धर्मराज बरालले नेपालमा धार्मिक, सांस्कृतिक र पुरातात्विक महत्त्वका सम्पदा स्थल धेरै भएपनि त्यसको प्रचारप्रसार नभएकाले धार्मिक पर्यटक पनि बढ्न नसकेको उल्लेख गर्दै पत्रकार समाजले यस्ता स्थलका विषयमा जानकारी हुने गरी समाचार सामग्री सार्वजनिक गर्नुपर्ने बताए ।

समाजका अध्यक्ष पूर्णप्रसाद मिश्रले पुरकार कोषमा सहयोग जुटाएर वृद्धि गर्दै लगिने जानकारी दिए । आगामी वर्ष पौष शुक्ल पूर्णिमादेखि प्रत्येक वर्ष धार्मिक, सांस्कृतिक पत्रकारिता पुरस्कार दिनेगरी कोषलाई अघि बढाउने उनले बताए ।

नेपाली आमसञ्चार माध्यमका मूलधारमा रही धर्म, संस्कृति, अध्यात्म, पुरातत्त्व, इतिहासलगायत नेपाली मौलिकतालाई प्रवर्द्धन गर्नेगरी पत्रकारिता गरिरहेका पत्रकार संगठित भई २०८१ पुस २९ गते पौष शुक्ल पूर्णिमाका दिन रेक्जोनको स्थापना भएको थियो । स्थापनाकालदेखि धार्मिक, सांस्कृतिक पत्रकारितालाई प्रवर्द्धन गर्ने गरी संस्थाले विभिन्न गतिविधि सञ्चालन गर्दै आएको छ ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

*प्रथम पटक प्रकाशित मिति - २०८३।०५।२२*

श्री कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८३।०५।१६ गतेको निर्णयानुसार एयरपोर्ट जिम एन्ड फिटनेस प्रा.लि. (प्रा.लि.नं ३९७९२६) को नाममा रहेको सम्पुर्ण चल, अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने ऋण, कर, दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरि यस कम्पनीको नाम परिवर्तन गरि अक्वा वाइ एयरपोर्ट होटेल प्रा.लि. कायम भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## प्रभु होल्डिङ्गस एण्ड हाईड्रो डेभलपमेन्ट कम्पनी लिमिटेड को

### वार्षिक साधारण सभा सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति भाद्र २२, २०८३, सोमबार ।**

उपरोक्त सम्बन्धमा यस कम्पनीको मिति भाद्र १७, २०८३ मा बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार कम्पनीको वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा देहायका विषयमा छलफल तथा निर्णय गर्न बस्ने भएकाले उक्त वार्षिक साधारण सभामा आफैं उपस्थित हुन वा आफ्ना प्रतिनिधि मनोनयन गरि पठाई भाग लिनु हुन सम्पूर्ण शेयरधनी महानुभावज्यूहरूलाई अनुरोध गर्दछौं ।

**तपसिल**

**वार्षिक साधारण सभा हुने मिति, समय र स्थान :**

**मिति** : आश्विन ११, २०८३ ।

**समय** : दिनको १:३० बजे ।

**स्थान** : कम्पनीको रजिष्टर्ड कार्यालय, का.म.न.पा. ३२, काठमाडौं ।

**साधारण सभामा प्रस्तुत हुने प्रस्तावहरू :**

(क) साधारण प्रस्तावहरु :

१. सञ्चालक समितको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत वार्षिक प्रतिवेदन पारित गर्ने सम्बन्धमा ।

२. आ.व. २०८२/८३ को लेखापरीक्षण प्रतिवेदन पारित गर्ने सम्बन्धमा ।

३. आ.व.२०८३/८४ को लागि लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।

४. कम्पनीको सञ्चालक समितिबाट भए गरेका कार्यहरु अनुमोदन सम्बन्धमा ।

(ख) विशेष प्रस्तावहरु :

१. यस कम्पनीको प्रबन्धपत्रको दफा ४, १२ र नियमावलीको नियम १९, ३३ र ४६ संशोधन गर्ने सम्बन्धमा ।

२. कम्पनीको प्रबन्धपत्र र नियमावलीमा हुने संशोधनमा नियमक निकायबाट हुने निर्देशन बमोजिम आवश्यक थपघट तथा परिमार्जन गर्न सञ्चालक समितिलाई अख्तियारी दिने सम्बन्धमा ।

(ग) विविध ।

**नोट :**

१) विस्तृत जानकारीको लागि कार्यालय समय भित्र कम्पनीको कार्यालयमा सर्म्पक राख्न सकिनेछ ।

**कम्पनी सचिव**

PRABHU **प्रभु होल्डिङ्गस एण्ड हाईड्रो डेभलपमेन्ट कम्पनी लिमिटेड**

का.जि.का.म.न.पा.वडा नं.-३२, काठमाडौं ।

फो.नं. ०१५९१२८७३,०१५९१२८७४

**www.holdingsprabhu.com**

## नेपाल विद्युत प्राधिकरण

**प्रसारण निर्देशनालय**

**केन्द्रीय कार्यालय, दरबारमार्ग, काठमाडौं, नेपाल**

**बालाजु-स्युचाटार १३२ के.भी. भूमिगत विद्युत प्रसारण लाइन आयोजना**
**४.८२ कि.मि. डबल सर्किट को प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना !**

**(वातावरण संरक्षण नियमावली, २०७७ को नियम ७ को उपनियम (३) सँग सम्बन्धित)**

*(प्रकाशित मितिः २०८३-०५-२२ गते)*

बागमती प्रदेश, काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका र नागार्जुन नगरपालिकामा नेपाल विद्युत प्राधिकरणद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | नेपाल विद्युत प्राधिकरण<br>प्रसारण निर्देशनालय<br>केन्द्रीय कार्यालय, दरबारमार्ग, काठमाडौं, नेपाल<br>फोन नं.: ९७७-०१-६६१८१७०, ईमेलः nea_ptl@nea.org.np |
| **प्रस्तावको व्यहोरा** | प्रस्तावित बालाजु-स्युचाटार १३२ के.भी. ४.८२ कि.मि. लामो भूमिगत डबल सर्किट विद्युत प्रसारण लाइन आयोजना काठमाडौं जिल्लाको काठमाडौं महानगरपालिका वडा नं. १६ अवस्थित बालाजु सबस्टेसनदेखि सुरु भई नागार्जुन नपा वडा नं.२, ३ र ४ काठमाडौं महानगरपालिका १४ पुनः नागार्जुन नपा ९ हुँदै नागार्जुन नपा वडा नं.९ मा अवस्थित स्युचाटार सबस्टेसनसम्म जानेछ। आयोजनाको भूमिगत प्रसारण लाइन मा १० वटा जोइन्ट पिटहरू र हाल भैरहेको बालाजु सबस्टेसनमा १३२ के.भी.को दुई वटा लाइन वे समेत निर्माण गर्ने कार्य गरिनेछ। यस प्रसारण लाइनको कन्डक्टरको आकार ८०० वर्ग मिमि XLPE, भोल्टेज स्थर १३२ के.भी. (डबल सर्किट) हुनेछ। यस प्रसारण लाइनको भारवहन क्षमता ३०० मेगावाट रहेको छ। |
| **प्रभाव पर्ने सक्ने प्रदेश/जिल्ला/न.पा./वडा नं.** | बागमती प्रदेश, काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. १४ र १६, नागार्जुन नगरपालिका वडा नं. २, ३, ४, ९ र १० |

माथि उल्लिखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणालीबिच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको मा.न.पा/न.पा.तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनुहुन अनुरोध गरिन्छ ।

**आयोजक :**

| प्रस्तावकको नाम र ठेगाना | परामर्शदाताको नाम र ठेगाना |
|---|---|
| नेपाल विद्युत प्राधिकरण<br>प्रसारण निर्देशनालय<br>केन्द्रीय कार्यालय, दरबारमार्ग, काठमाडौं, नेपाल<br>फोन नं.: ९७७-०१-६६१८१७०, ईमेलः nea_ptl@nea.org.np | वापकोस लिमिटेड<br>७६-सी, सेक्टर-१८, गुरागाउँ-१२२०१५, हरीयाना, भारत<br>(स्थानीय कार्यालय बालकुमारी, ललितपुर, नेपाल)<br>इमेलः electrical@wapcos.co.in |

## चामे गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

**चामे, मनाङ**

**गण्डकी प्रदेश, नेपाल**

### बोलपत्र आव्हान सम्वन्धी सूचना

**सूचना प्रकाशित मितिः २०८३/०५/२२**

प्रस्तुत विषयमा चामे गाउँपालिको आ.व. ०८३/०८४ मा स्वीकृत कार्यक्रम अनुसार तपसिल वमोजिमका योजना को हार्डकपी (Hard Copy) मार्फत खरिद प्रकिया अगाढी बढाउनु पर्ने भएको हुदाँ ईच्छुक फर्मरनिर्माण व्यवसायीहरूले यो सूचना प्रकाशित भएको मितिले २२ औं दिनको १२:०० भित्र रित पुर्वक आवश्यक कागजात सहित बोलपत्र पेश गर्नु हुन सम्बन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**बोलपत्र पेश गर्दा पालना गर्नुपर्ने सर्तहरूः**

- इच्छुक बोलपत्र दाताहरूले बोलपत्र दस्तुर बापतको रकम तोकिएको बैंक खातामा जम्मा गरी सोको सक्कल बैंक भौचर पेश गरी चामे गाउँपालिकाबाट (Bid Document) प्राप्त गर्न सकिनेछ ।
- प्राप्त बोलपत्र कागजातहरु तोकिएको ढाँचामा पूर्ण रूपमा भरी खाममा राखी सिलबन्दीका साथ कार्यालय समय भित्र पेश गर्नु पर्ने छ ।
- बोलपत्र दर्ता तथा पेश अन्तिम मिति र समयः मितिः २०८३/०६/१२ गते दिउँसो १२:०० बजेसम्म, चामे गाउँपालिका मनाङ,
- बोलपत्र खोलिने मिति र समयः मिति २०८३/०६/१२ दिउँसो १:०० बजेसम्म, चामे गा.पा.

**तपसिलः**

| क्र.स | ठेक्का नं. | कार्य विवरण | अनुमानित लागत मु.अ.कर र पिएस सहित | बोलपत्र दस्तुर रु | बोलपत्र जमानत रु |
|---|---|---|---|---|---|
| १. | CRM – Works/04/ 083/084 | Construction of Various Structure in Guru Padma Sambhava Foundation Park | ५७,९५,६६६।७१ | ३०००।- | १,४४,०००।- |

**बोलपत्र खरिद र जमानतको लागि बैंक विवरण**

| बोलपत्र खरिदका लागि | बोलपत्र जमानतको लागि |
|---|---|
| बैंकको नामः नेपाल बैंक लिमिटेड चामे मनाङ नेपाल<br>कार्यालयको नामः चामे गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय चामे मनाङ<br>कार्यालयको कोडनं. ८०१०४४००१<br>कार्यालय खाता नं. GA 1.1 (12803000001001000001)<br>राजश्व शिर्षक नं. 14229 | बैंकको नामः नेपाल बैंक लिमिटेड चामे मनाङ नेपाल<br>कार्यालयको नामः चामे गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय चामे मनाङ<br>कार्यालयको कोडनं. ८०१०४४००१<br>कार्यालय खाता नं. 12803000003000000001<br>चामे गाउँपालिका GA 3.0 धरौटी खाता |

थप जानकारीको लागि यस पालिकाको पूर्वाधार विकास शाखामा सम्पर्क गर्नुहुन अनुरोध छ ।

**प्रमुख प्रशासकीय अधिकृत**

## लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन,२०६३ बमोजिम मिति २०७७/१२/३१ मा प्रा.लि नं. २५१६६८ म दर्ता भएको **जय डालीमा दोहोरी साँझ प्रा.लि** को मिति २०८३/०५।/२१ मा सम्पन्न विशेष साधारण सभाको निर्णयले कम्पनी ऐन,२०६३ दफा १२६ बमोजिम स्वेच्छिक खारेजि लिक्विडेशनमा लैजाने निर्णय गरेकाले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित गरिएको मितिले ३५ दिन भित्रमा निम्नलिखित लिक्विडेटर कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटरः अधिवक्ता संजय कुमार शाह**
**(इजाजत पब नं. ३५१)**
**बिजुलीबजार,काठमाडौं,सम्पर्क नं.९८४१४४९३३८)**

## प्रमाणपत्र हराएको सूचना

मेरो नाममा रहेको स्नातक तहको Original Certificate मिति २०८३ साउन १२ गते हराएको हुँदा विभिन्न स्थानमा खोजतलास गर्दा समेत फेला नपरेकोले यो सूचना प्रकाशित गरिएको छ । उक्त प्रमाणपत्र कसैले फेला पार्नुभएमा सम्बन्धित व्यक्ति मोवाइल नम्बर ९८२३५५७७९१ वा नजिकैको प्रहरी कार्यालयमा बुझाई दिनुहुन अनुरोध गर्दछु ।

**नाम** : **अनुषा अर्याल**
**तह** : स्नातक (Bachelor's Degree)
**विषय** : Social Work
**Faculty** : Humanities & Social Sciences
**Registration No**: 6-2-364-251-2014
**उत्तीर्ण वर्ष** : २०१७
**प्रमाणपत्र जारी गर्ने संस्था** : त्रिभुवन विश्वविद्यालय, परीक्षा नियन्त्रण कार्यालय, नेपाल

## सच्याइएको

यस प्रभाव दैनिकको वर्ष १३ अंक १३३ भदौ १८ गते २०८३ मा प्रकाशित Gulf Link Overseas Pvt. Ltd. को **Ramallah For Foreign Labor Recruitment Non Jordanian Domestic Workers Co.** कम्पनीको Lot No. 347435 को विज्ञापनमा **Domestic/worker Housemaid** र **Office Secretary** कामदारको मासिक तलब ने.रु.४५,३२७ र ने.रु.६०,४३६ हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याइएको व्यहोरा अनुरोध छ ।

Gulf Link Overseas Pvt. Ltd.
Basundhara Chauki, Kathmandu, Nepal. Tel: + 977-1-4958004
Email: info@gulflinkoverseas.com, gulflinkoverseaspvtltd@gmail.com, Website: www.gulflinkoverseas.com

## युएइमा रोजगार

कम्पनी : **Desert Dream Gardens L.L.C.**

पूर्व स्वीकृति मिति : २०८३/०५/२१ | LT. No. 347593 | चलानी नं. ६०२६०७३५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Garden Worker | 3 | 0 | 1000 | ४१,१३१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ भदौ २९ गते (14th Sep. 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC No. 1682/080/081

**NEPAL WORLD OVERSEAS PVT.LTD**
Tinkune-32, Kathmandu, Nepal, Contact: +977-15920448, Contact Person Name : Tul Bahadur Bhujel
Contact No : +977 976-3689919 (WhatsApp) E-mail : nepalworldhr@gmail.com, md@nepalworldhr.com Web: www.nepalworldhr.com

## कुवेतमा रोजगार

कम्पनी : **GREEN COMMUNITY RESTAURANT COMPANY**

पूर्व स्वीकृति मिति : २०८३/०२/२९ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०५/२१ | LT. No. 343315 | चलानी नं. ६०२५६७५६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barista | 15 | 15 | 150 | ७३,३८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ भदौ २९ गते (14th Sep. 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Omega International Pvt. Ltd.**
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com
Govt. License No. 1352/074/075

## युएइमा रोजगार

कम्पनी : **ALUFAB ALUMINIUM AND GLASS COMPANY**

पूर्व स्वीकृति मिति : २०८३/०१/११ | पुनः विज्ञापन स्वीकृति मिति : २०८३/०५/२१ | LT. No. 341030 | चलानी नं. ६०२६०५२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Aluminium Doors Maker | 2 | 0 | 1500 | ६१,६९८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Aluminium Fitter | 2 | 0 | 1500 | ६१,६९८ | | | | | | | |
| 3. | glass carver | 2 | 0 | 1500 | ६१,६९८ | | | | | | | |
| 4. | Glass Modular | 1 | 0 | 1500 | ६१,६९८ | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ भदौ २८ गते (13th Sep. 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १६६५/०८०/८१

**ROSEBUD HUMAN RESOURCE PVT. LTD**
Shambhu Marga, sinamangal-9, Kathmandu, Nepal , Tel.: +977-1-4597366
E-mail: info@rosebudhr.com , Web:www.rosebudhr.com

## युएइमा रोजगार

कम्पनी : **UMESH PRASAD TECH CONT**

पूर्व स्वीकृति मिति : २०८२/११/०५ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०५/२१ | LT. No. 339191 | चलानी नं. ६०२५२६४२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 6 | 0 | 1500 | ६१,६९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Painter | 9 | 0 | 1500 | ६१,६९५ | | | | | | | |
| 3 | Tile Layer | 5 | 0 | 1500 | ६१,६९५ | | | | | | | |

कम्पनी : **MANARAT ALNEJOUM TECHNICAL SERVICES**

पूर्व स्वीकृति मिति : २०८२/११/०५ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०५/२१ | LT. No. 339192 | चलानी नं. ६०२५२६४१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Air Conditioning Mechanic Asst. | 2 | 0 | 1300 | ५३,४७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Electrician | 2 | 0 | 1500 | ६१,६९५ | | | | | | | |
| 3 | Plaster | 1 | 0 | 1500 | ६१,६९५ | | | | | | | |
| 4 | Plumber | 2 | 0 | 1500 | ६१,६९५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ भदौ २९ गते (14th Sep. 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC No. 1476/074/75

**NEPAL LIFE RECRUITMENT AGENCY PVT LTD**
Gaushala, Pingalaisthan, Kathmandu, Nepal, Tel: 014598920,
Mob: 9713026256, E-mail : nepallifera1476.2017@gmail.com

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# ग्यासको आपूर्ति सहज बनाऊ

हिजोआज ग्यासका डिपोहरू अगाडि रित्ता सिलिण्डरका लामो लाइन देखिन्छ । ती सिलिण्डर घिसार्दै सर्वसाधारण निराश अनुहार लिएर यताउति दौडिरहेका भेटिन्छन् । सामाजिक सञ्जालमा ग्यास पाइन्छ कि ? भनेर प्रश्न गर्नेहरूको उत्तिकै सक्रियता बढ्दो छ । फोन कलहरूमा आफन्त र साथीहरूसँग ग्यास पाइने ठाउँबारे प्रश्न गर्छन् ।

नेपाल आयल निगमले पछिल्लो तीन दिनमा ८८ हजार सिलिण्डर ग्यास भित्रिएको दाबी गरेको छ । तर उपभोक्ता दिनभर लाइनमा बस्दासमेत ग्यास नपाएर निराश देखिन्छन् । रसुवाको भोटेकोशी बाढीका कारण मुख्य राजमार्गहरू बन्द भएपछि अहिले ग्यासको अभाव देखिएको हो । सरकारले ग्यास पर्याप्त भएको दाबी गरिरहँदा उपभोक्ता कति त्रासमा छ र डिपोहरूले कति ग्यास लुकाउँछन् भन्ने कुरामा ध्यान दिन सकेको छैन ।

खासमा जब उपभोक्ता आत्तिन्छन् तब ग्यास व्यापारी हौसिन्छन् । उनीहरू ग्यास अभाव हुन लागेको संकेत पाउनासाथ कृत्रिम अभाव सिर्जना गरिहाल्छन् । यो त्रासदीबाट मुक्ति पाउन महिनामा दुई–चार वटा ग्यास उपभोग गर्नेले पनि चार–पाँच वटा ग्यास भण्डारण गर्न थाल्छन् । यसले बजारमा खाली सिलिण्डर जान पाउँदैन र ग्यास आपूर्तिको एउटा चेन नै भत्काउँछ । अर्को समस्या ग्यास अभाव हुनासाथ ती खाली सिलिण्डर एकैपटक धेरैले निकाल्दा डिपोवालालाई पनि अप्ठेरो पर्छ ।

यस्तो अवस्थामा एक त सरकारले डिपोहरूको बदमासी अनुगमन गर्न सक्नुपर्छ । अर्को कुरा सर्वसाधारणलाई ढाडस दिन सक्नुपर्छ, कि धेरै सिलिण्डर भण्डारण गर्न छाडेर सरकारको भर पर्नु, कृत्रिम अभाव हुँदैन । नियमित आपूर्ति हुन्छ भनेर ।

आन्दोलन, पहिरो आदिका कारण सडक ठप्प हुनेबित्तिकै उपत्यकामा खाद्यान्न र ग्यासको अभाव हुनु पुरानै घटना हो । यस्तो संवेदनशील अवस्थाका लागि सधैं तयार रहनुपर्ने 'बफर स्टक' (आकस्मिक मौज्दात) को व्यवस्था कागजमै सीमित हुनु राज्यको रणनीतिक कमजोरी हो । राजधानीजस्तो संवेदनशील ठाउँमा कम्तीमा केही हप्ता वा महिनालाई पुग्ने इन्धन र ग्यासको भण्डारण क्षमता बढाउनेतर्फ आयल निगम र सरकारले दीर्घकालीन सोच बनाउनुपर्छ ।

एलपी ग्यासको विकल्प इण्डक्सन चुल्हो बन्दै गएको छ । तर विद्युत् प्रसारणमा अहिले संकट आउन थालेको छ । अझ धेरैजसो जलविद्युत् आयोजनामा बाढीले क्षति पुऱ्याएको छ । रसुवामा बाढी जानुअघि नै झ्यापझ्याप बत्ती जाने प्रवृत्ति बढेका कारण सर्वसाधारण ग्यासतिर फर्कन थालेका छन् । यस्तो अवस्थामा जोकोही आत्तिन्छन् नै । त्यसैले सरकारले यस विषयमा तथ्य पत्ता लगाएर सर्वसाधारणलाई विश्वस्त तुल्याउने काम तत्काल चाल्नुपर्छ भने व्यापारीहरूमाथि पनि अंकुश लगाउन सुरु गर्नुपर्छ ।

## श्रम सरोकार


### विदेशमा कमाएको रकम स्वदेशमा आयमूलक व्यवसायमा प्रयोग गर्ने उपायहरु

- वैदेशिक रोजगारीवाट प्राप्त रकम घर पठाउँदा सो रकम कुन-कुन कार्यमा के कति खर्च गर्ने र बचत भएको रकम केमा प्रयोग गर्ने भन्ने विषयमा पहिले नै घर सल्लाह गर्नु उपयुक्त हुन्छ । आफूले खर्च गर्ने, घर खर्च गर्ने, ऋण तिर्ने र स्वदेश फर्केपछि गर्ने व्यवसायका लागि रकम जम्मा गर्ने आदिको योजना बनाएर काम गर्दा बढी प्रभावकारी हुन्छ ।
- वैदेशिक रोजगारीका क्रममा आफूले गर्ने गरेको कार्यमा प्रयोग हुने सीप र प्रविधिको स्वदेश फर्किएपछिसमेत प्रयोग गर्न सकिने विषयमा विशेष चनाखो भएर कार्य गर्नुपर्दछ । आफूले जानेको सीप र प्रविधिकै प्रयोग हुनेखालको व्यवसाय वा काम स्वदेशमा गर्न सके बढी उपलब्धिमूलक हुन्छ ।
- आफू वैदेशिक रोजगारीमै रहेका बेला आफ्नो घरमा बेरोजगार रहेकालाई आयमूलक कार्य वा व्यवसाय गर्न प्रोत्साहन गर्नुपर्छ ।
- कुनै व्यवसाय वा आयमूलक कार्यमा रकम प्रयोग गर्ने अवस्था नभएसम्म वैदेशिक रोजगारबाट प्राप्त रकमलाई बैंक वा वित्तीय संस्थामा बचत गरी सुरक्षित राख्नुपर्छ ।
- आयमूलक कार्य वा व्यवसायका लागि आफूले बनाएको सक्षम योजनाका लागि रकम अपुग भए बैंक, वित्तीय संस्था वा नेपाल सरकारले ल्याउने कार्यक्रमहरूमार्फत ऋण, सहुलियत आदि लिन सकिन्छ । यसका लागि सरकारी सूचनाहरूका विषयमा जानकारी लिने गर्नु पर्दछ ।
- वैदेशिक रोजगारीमा सिकेको सीपलाई मूल्यांकन गरी प्रमाणपत्रसमेत दिने व्यवस्था हुने भएकोले आफ्नो सीपको परिक्षण गराई योग्यताको प्रमाणपत्र लिने गर्नु पर्दछ ।

#### वैदेशिक रोजगारीमा आर्जन गरेको रकम र सीप प्रयोग गरी विभिन्न अयमूलक कार्य गर्न सकिन्छ, जसमा:

- दैनिक उपभोग्य वस्तुहरूको व्यापार (किराना पसल, होटल, रेस्टुराँ, कस्मेटिक, गिफ्ट सप आदि) सञ्चालन गर्ने ।
- विदेशमा सिकेको सीप तथा प्रविधिको प्रयोग गरी गाउँस्तरमा साना उद्योग सञ्चालन गर्ने ।
- कृषि फार्म (जस्तैः बाख्रापालन, कुखुरापालन, बंगुरपालन, माछापालन लगायत) मा लगानी गरी आय आर्जन बढाउने ।
- बेमौसमी तरकारीखेती गरी आय आर्जन बढाउने ।

# व्यावसायिकताको बाटोमा भलिबल



❑ राजु सिलवाल

नेपालमा हालैका वर्षमा खेलकुदमा व्यावसायिकता मौलाउँदै गएपछि सम्बन्धित खेलका खेलाडीमा केही हदसम्म भए पनि राहतको महसुस हुन थालेको छ । नेपालमा खेलेर बाँच्न सकिने अवस्था नभएपछि वैदेशिक रोजगारीका लागि विभिन्न खेलका प्रतिभाशाली खेलाडी विदेसिनेक्रम बढिरहेका अवस्थामा निजी क्षेत्रको सक्रियतामा खेलकुदका प्रतियोगिता हुन थालेपछि त्यसले सकारात्मक वातावरण सिर्जना गरेको छ । क्रिकेट, फुटबल, बास्केटबल, कबड्डी तथा भलिबलजस्ता खेलका खेलाडीले फ्रेन्चाइज लिगका कारण नेपालमै खेलेबापत पारिश्रमिक पाउनु व्यावसायिक अभ्यासको सुखद संकेत मानिएको छ ।

यसैक्रममा नेपालमा विगत कयौं वर्षदेखि हिमालदेखि तराईसम्म लोकप्रिय मानिएको भलिबल अब खेलमामात्र सीमित नभएर युवालाई भविष्यको सम्भावनाको ढोका खोल्ने स्थितिमा पुगेको छ । मनोरञ्जनका साथै खेलाडीबीच आपसी प्रतिस्पर्धामा रुमलिरहेको भलिबल प्रतिभावान् खेलाडीको जीवन गुजारा गर्ने माध्यम बन्नसक्ने सम्भावना बढेको छ । नेपालमा पहिलोपटक उचाइको नयाँ उडान नाराका साथ यही भदौ १९ गतेदेखि सुरु भएको पुरुषको नेपाल भलिबल लिग एनभिएलले भलिबल खेललाई पनि पेसाका रूपमा स्थापित गर्दै व्यावसायिकताको नयाँ अध्याय सुरु गरेको छ ।

निजी क्षेत्रको केडिया समूह तथा नेपाल भलिबल संघको सहकार्यमा आयोजित एनभिएल प्रतियोगितामा नेपाली खेलाडी विदेशी खेलाडीसँगै पारिश्रमिक लिएर विभिन्न छ वटा फ्रेन्चाइज टिममा अनुबन्धित भएका छन् । नेपाल भलिबल लिग देशको व्यावसायिक फ्रेन्चाइजमा आधारित पहिलो पुरुष भलिबल प्रतियोगिता हो । यसले भलिबल खेलको स्तर उकास्न, नयाँ प्रतिभाको खोजी गर्न तथा राष्ट्रिय खेलमार्फत देशलाई एकताबद्ध गर्ने अपेक्षा गरिएको छ । नेपालमा भलिबल खेललाई व्यावसायिक बनाएर खेलाडीहरूको यथोचित् प्रगतिका लागि सघाउनु प्रतियोगिताको मूल लक्ष्य रहेको छ ।

### बाढीपीडितप्रति समर्पित

भलिबल खेल अत्यन्त लोकप्रिय भएको रसुवा, नुवाकोट जिल्ला अहिले बाढीपहिरोले क्षतिग्रस्त भएको छ । विगतमा नियमितरूपमा अन्य खेलका साथै भलिबल प्रतियोगिता आयोजना हुँदै आएको रसुवामा बर्सेनि आयोजना हुने 'रेडपाण्डा' भलिबल प्रतियोगिताले नयाँ प्रतिभा जन्माउन योगदान गरेको छ । नुवाकोटमा राष्ट्रियस्तरका भलिबल प्रतियोगिता आयोजना हुनुका साथै राष्ट्रिय टिममा त्यहाँका खेलाडीको प्रतिनिधित्व भइसकेको छ ।

रसुवा र नुवाकोटमा नेपाल भलिबल संघको जिल्ला शाखा क्रियाशील रहेका छन् । अब ती जिल्लामा जनजीवन सामान्य भई फेरि कहिले खेलकुद प्रतियोगिता सञ्चालन हुने हो कुनै टुंगो छैन । बाढी, पहिरोको क्षतिबाट मुलुक नै शोकाकुल अवस्थामा भएको बेला आयोजना भएको एनभिएल भलिबल प्रतियोगिता बाढीपीडितका लागि समर्पित गरिएको छ । प्रतियोगिताको पहिलो दिन टिकट बिक्रीबाट संकलन भएको रकम बाढीपीडितका लागि प्रदान गरिने भएको छ ।

### महिला भलिबल स्थगित

भोटेकोशी बाढीबाट प्रभावित परिवार तथा समुदायप्रति गहिरो समवेदना व्यक्त गर्दै एभरेस्ट महिला भलिबल लिगको तेस्रो संस्करण भने स्थगित गरिएको छ । नेपालमा आयोजित एभरेस्ट महिला भलिबल लिग इभिएल प्रतियोगिता एसियाकै पहिलो व्यावसायिक महिला भलिबल लिग मानिएको छ । यो इण्डोर भलिबल फ्रेन्चाइज लिग आगामी असोज १५ गतेदेखि सुरु गरिने पूर्वनिर्धारित कार्यक्रम रहेको थियो । यसपालि स्वदेशी तथा विदेशी खेलाडीहरू सम्मिलित छ वटा टिमको प्रतिस्पर्धाका लागि आवश्यक तयारी गरिएको थियो ।

### टिमको संरचना

नेपालका विभिन्न प्रदेशको प्रतिनिधित्व गरेका छ वटा टिम सगरमाथा स्मासर्स, मधेस वारियर्स, काठमाडौं रेड्स, अन्नपूर्ण स्पाइकर किंग्स, कर्णाली शिवराज तथा खप्तड फाल्कन्सले यो प्रतियोगितामा सहभागिता जनाउँदै छन् । प्रत्येक टिममा मुलुकको प्रतिनिधित्व गरेका एक खेलाडीलाई मार्की खेलाडीका रूपमा चयन गरिएको छ ।

यसैगरी टिममा सात जना स्वदेशी खेलाडीलाई अनुबन्ध गर्नुपर्ने नियम रहेको छ । प्रत्येक टिमले 'क'स्तरका चार जना खेलाडी आफ्नो टिममा राख्न पाउने छन् । यस्तै तीन जना विदेशी खेलाडीलाई टिममा समावेश गर्न पाइने छ । यस प्रतियोगितामा स्थानीय प्रतिभाशाली खेलाडीलाई पनि अवसर दिने लक्ष्यअनुसार हरेक टिमले छनोट शिविर सञ्चालन गरेर अनिवार्यरूपमा एक जनालाई समावेश गर्नुपर्ने व्यवस्था गरिएको छ ।

### लाखौं पारिश्रमिक

एनभिएल भलिबलमा निजी क्षेत्रले ठूलो लगानी गरेका छन् । प्रतियोगिताको आयोजनादेखि लिएर सहभागी छ वटा टिमका लागि निजी क्षेत्रका व्यापारिक समुदायबाट आवश्यक लगानी गरिएको छ । नेपाली भलिबल खेलाडीलाई एनभिएल भलिबलमा लाखौं पारिश्रमिक लाखौं पारिश्रमिक दिने प्रतिबद्धता व्यक्त गर्दै अनुबन्धित गरिएको छ । उनीहरूलाई अक्सनमार्फत खेलाडीको स्तरअनुसार विभिन्न श्रेणी विभाजन गरी पारिश्रमिक निर्धारण गरिएको हो ।

प्रत्येक टिममा महत्त्वपूर्ण खेलाडीका रूपमा चयन गरिएका मार्की खेलाडीलाई आकर्षक पारिश्रमिक दिइएको अपेक्षा गरिए पनि रकम भने घोषणा गरिएको छैन । खेलाडीको अक्सनमा 'क' श्रेणीका खेलाडीलाई एक लाख २० हजार रूपैयाँसम्म तथा 'ख' श्रेणीका खेलाडीलाई ७० हजार रूपैयाँसम्म निर्धारण गरिएको थियो । यसैगरी, प्रत्येक टिमका लागि चयन गरिएका प्रमुख प्रशिक्षकलाई दिइने पारिश्रमिक पनि सार्वजनिक गरिएको छैन । विभिन्न टिमका लागि खेलाइने विदेशी खेलाडीलाई नेपाली खेलाडीभन्दा बढी पारिश्रमिकका साथै अन्य सुविधा प्रदान गरिएको छ ।

### विदेशी खेलाडीको आकर्षण

एनभिएल लिगको आकर्षण विदेशी खेलाडीको सहभागिता पनि हो । नेपाली दर्शकले विभिन्न मुलुकका खेलाडीलाई नेपाली खेलाडीका साथ टिममा देख्न पाएका छन् । यसबाट नेपाली खेलाडीले विदेशी खेलाडीसँग व्यक्तिगतरूपमा सम्पर्क हुने अवसर मिल्नुका साथै सीप सिक्ने मौका पाएका छन् । राम्रो प्रदर्शन गर्ने नेपालीका लागि भोलि विदेशी लिगमा सहभागिताको ढोका खुल्न सक्ने छ ।

प्रतियोगिताको सहभागी अन्नपूर्ण स्पाइकर किंग्सले मंगोलियाका तीन जना खेलाडीलाई भित्र्याएको छ । कर्णाली शिवराज टिमले पोल्याण्ड र बेलारुसका खेलाडीलाई आफ्नो टिममा समावेश गरेको छ भने मधेस वारियर्सले भारतीय खेलाडी एवं काठमाडौं रेडस तथा सगरमाथा स्म्यार्सले पाकिस्तानी खेलाडीलाई अनुबन्धित गरेका छन् । खप्तड फाल्कन्स टिमले ब्राजिल, रसिया तथा अफ्रिकी राष्ट्र बेनिनबाट खेलाडी भित्र्याएको छ ।

### बढ्दो फ्रेञ्चाइज लिग

नेपालमा विभिन्न खेलका व्यावसायिक फ्रेन्चाइज लिग प्रतियोगिता आयोजना गर्ने क्रम बढ्दै गएको छ । निजी क्षेत्रको सक्रियतामा सम्बन्धित खेल संघको सहकार्यमा यस्ता प्रतियोगिता क्रमिकरूपमा आयोजना हुँदै आइरहेका छन् । नेपालमा फ्रेन्चाइज लिगको सुरुआत क्रिकेटबाट भएको थियो । एभरेस्ट प्रिमियर लिग क्रिकेट प्रतियोगिताले नेपालमा व्यावसायिक फ्रेन्चाइज लिगको प्रारम्भ गरेको थियो तर यो प्रतियोगिता चार संस्करणसम्म सञ्चालन भएपछि बन्द भएको थियो । धनगढी प्रिमियर लिग क्रिकेट प्रतियोगितामा काठमाडौं उपत्यकाबाहिर पहिलोपटक खेलाडीको अक्सन प्रणाली सुरु गरेको थियो ।

यस्तै, पोखरा प्रिमियर लिग क्रिकेट प्रतियोगिताको लोकप्रियता पनि कम छैन । नेपाल प्रिमियर लिग एनपिएल भने नेपालकै ठूलो 'ट ट्वान्टी' क्रिकेट लिगका रूपमा स्थापित हुन पुगेको छ । दुई संस्करण सफलतापूर्वक सञ्चालन भइसकेको एनपिएल यो वर्ष तेस्रोपटक आयोजना हुँदै छ । नेपाल सुपर लिग नेपालको पहिलो व्यावसायिक फ्रेन्चाइज फुटबल प्रतियोगिताका रूपमा आयोजना हुँदै आएको छ ।

नेपालमा महिला भलिबलको पहिलो फ्रेन्चाइज लिग प्रतियोगिता एभरेस्ट वुमन्स भलिबल प्रतियोगिताको दुई संस्करण सम्पन्न भइसकेका छन् । बास्केटबल खेलतर्फ पुरुष तथा महिलाका लागि नेपाल बास्केटबल लिग पनि फ्रेन्चाइज प्रतियोगिताको रूपमा स्थापित भएको छ । यसबाहेक, कबड्डी खेलको फ्रेन्चाइज प्रतियोगिता आयोजना भइसकेको छ ।

### राष्ट्रिय खेल

नेपाल सरकारले गत २०७४ साल जेठ ८ गते भलिबललाई राष्ट्रिय खेलको मान्यता प्रदान गरेको थियो । कम खर्चमा गाउँदेखि सहरसम्म सजिलै खेल सकिने यस खेलको लोकप्रियतालाई दृष्टिगत गरेर सरकारले भलिबललाई राष्ट्रिय खेल घोषणा गरेको थियो । पुरुष तथा तथा महिला दुवैको समान सहभागिता रहेको भलिबल खेल विद्यालय तहदेखि राष्ट्रियस्तरसम्म खेल्ने गरिएको छ ।

### अन्तर्राष्ट्रिय उपाधि

नेपाली भलिबल टिमले विगतमा विभिन्न अन्तर्राष्ट्रिय पुरस्कार प्राप्त गरिसकेको छ । पुरुष भलिबल टिमको तुलनामा महिला भलिबल टिमले उल्लेखनीयरूपमा उपाधि प्राप्त गरेको छ । बंगलादेशमा सन् २०१९ मा भएको एभिसी सेन्ट्रल जोन महिला भलिबल च्याम्पियनसिपमा नेपालले माल्दिभ्सलाई लगातार सोझो सेटले पराजित गर्दै भलिबलको इतिहासमा पहिलो उपाधि हासिल गर्दै स्वर्ण पदक जितेको थियो । सन् २०२१ मा बंगलादेशमा सम्पन्न एभिसी सेन्ट्रल जोन महिला भलिबल च्याम्पियनसिपमा नेपालले उज्वेकिस्तानलाई फाइनलमा दुईकाविरुद्ध तीन सेटले पराजित गर्दै दोस्रोपटक उपाधि जित्न सफल भएको थियो ।

नेपालको राष्ट्रिय पुरुष भलिबल टिमले सन् २०१५ मा आयोजित दक्षिण एसियाली पुरुष भलिबल च्याम्पियनसिपमा कास्य पदक प्राप्त गरेको थियो । यस्तै माल्दिभ्समा सन् २०१७ मा सम्पन्न एभिसी सेन्ट्रल जोन सिनियर मेन्स भलिबल च्याम्पियनसिपमामा पनि नेपालले कास्य पदक जितेको थियो । केही सातापछि जापानमा हुने २०औं एसियाली खेलकुदमा नेपाली महिला राष्ट्रिय भलिबल टिमले पनि प्रतिस्पर्धा गर्दै छ । भुटानमा जारी काभाबीच भलिबल प्रतियोगितामा पनि नेपालको तर्फबाट पुरुष तथा महिलाको चार बेग्लाबेग्लै टिमले प्रतिस्पर्धा गर्दै छन् ।

समष्टिमा एनभिएल भलिबलले भलिबलको लोकप्रियतालाई अझ बढाउन महत्त्वपूर्ण भूमिका खेल्ने छ । यस्ता प्रतियोगिताका माध्यमबाट नयाँ प्रतिभाको जन्म हुने छ, जसले आगामी दिनमा नेपाली राष्ट्रिय टिमलाई अझ बलियो बनाउन सहयोग मिल्न जाने छ । मुलुकको खेलकुद विकासका लागि सरकारकोमात्र भर पर्नुपर्ने स्थितिको अन्त्य भई निजी क्षेत्रका व्यापारिक घरानाको पनि खेलकुदमा आकर्षण बढाउन यस्ता प्रतियोगिता उपयोगी सावित हुने आकलन गर्न सकिन्छ ।

नेपालमा हाल आयोजना हुँदै आइरहेका विभिन्न फेञ्चाइज प्रतियोगिता प्रायः राजधानी काठमाडौंमामात्र सीमित रहेका अवस्थामा यसलाई राजधानीबाहिर पनि विस्तार गर्न सकिएका खण्डमा ओझेलमा परेका अन्य प्रतिभाशाली खेलाडी पनि लाभान्वित हुनसक्ने आकलन गर्न सकिन्छ ।

यसैगरी, खेलकुदप्रेमी स्वदेशी तथा विदेशीको संयुक्त सहभागिता रहेको टिमको स्तरीय प्रतियोगिता हेर्ने अवसरबाट लाभान्वित हुनसक्ने थिए । यस्ता प्रतियोगिताको आयोजनाबाट विभिन्न जिल्लामा खेलकुदका पूर्वाधार निर्माण हुनुका साथै फेञ्चाइज प्रतियोगिताका लागि लगानीका नयाँ सम्भावना खोज्न सघाउ पुग्नसक्ने अपेक्षा गर्न सकिन्छ । *रासस*

"एनभिएल भलिबलले भलिबलको लोकप्रियतालाई अझ बढाउन महत्त्वपूर्ण भूमिका खेल्ने छ । यस्ता प्रतियोगिताका माध्यमबाट नयाँ प्रतिभाको जन्म हुने छ, जसले आगामी दिनमा नेपाली राष्ट्रिय टिमलाई अझ बलियो बनाउन सहयोग मिल्न जाने छ । मुलुकको खेलकुद विकासका लागि सरकारकोमात्र भर पर्नुपर्ने स्थितिको अन्त्य भई निजी क्षेत्रका व्यापारिक घरानाको पनि खेलकुदमा आकर्षण बढाउन यस्ता प्रतियोगिता उपयोगी सावित हुने आकलन गर्न सकिन्छ ।

## पाठक मञ्च

# चमत्कारपूर्ण उद्धार गर्ने उद्धारकर्मीहरुप्रति सलाम !

भदौ १० गते रसुवाको भोटेकोशी नदीमा आएको विनाशकारी बाढी र त्यसले पुऱ्याएको अपूरणीय क्षति खबरले सिंगो देशलाई नै स्तब्ध र शोकमग्न बनाएको थियो । बाढी र पहिरोको त्रासदीपूर्ण परिस्थितिमा धेरैले आफ्ना आफन्त र धनसम्पत्ति गुमाउनुपऱ्यो । तर, यो भयावह विपत्तिको ११औं दिनमा नुवाकोटको बेत्रावती र माथिल्लो त्रिशूली-१ जलविद्युत् आयोजनाको सुरुङबाट प्राप्त सुखद खबरले देशवासीको मनमा आशाको नयाँ किरण छरिएको छ । ११ दिनसम्म मृत्युसँग जुधिरहेका दुई जना नागरिकलाई जीवितै उद्धार गर्न सफल भएको यो खबर सुन्दा हरेक नेपालीको छाती गर्व र आभारले फुलेको छ ।

विशेषगरी, नुवाकोट बेत्रावतीकी ६४ वर्षीया चण्डिका श्रेष्ठको उद्धार कथा कुनै चमत्कारभन्दा कम छैन । बाढीले बगाएर ल्याएको चारतले घरभित्र पुरिएर, विनाअन्नपानी ११ दिनसम्म जीवितै रहनु आफैंमा एउटा ठूलो संघर्ष हो । छोराहरूले आशा मारेर आमा-बुबाको कुशको शव बनाएर काजकिरिया सुरु गरिसकेको अवस्थामा, 'बचाऊ-बचाऊ' भन्ने सानो आवाजको सहारामा पर्खाल फुटाएर उनलाई सकुशल बाहिर निकाल्नु उद्धार टोलीको अद्भूत तदारुकता, धैर्य र पेसागत दक्षताको उत्कृष्ट उदाहरण हो । यस्तै, माथिल्लो त्रिशूली-१ आयोजनाको अडिट-४ टनेलमा अड्किएका चिनियाँ नागरिकको सफल उद्धारले पनि हाम्रो सुरक्षा निकायको कार्यकुशलतालाई अन्तर्राष्ट्रियस्तरमै उच्च बनाएको छ ।

यस विषम् परिस्थितिमा आफ्नो ज्यानको पर्वाह नगरी खोजी तथा उद्धार कार्यमा खटिएका नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल तथा विभिन्न मुलुकका उद्धार टोलीप्रति म धन्यवाद व्यक्त गर्न चाहन्छु । नदीको तीव्र बहाव, बगरको जोखिमपूर्ण हिलो र क्षतविक्षत संरचनाकाबीच निरन्तर खटेर एउटा सानो आशको किरणलाई पनि मर्न नदिई उद्धारमा जुट्ने प्रत्येक सुरक्षाकर्मी हाम्रो देशका सच्चा नायक हुन् ।

यो घटनाले हामीलाई दुईवटा मुख्य पाठ सिकाएको छ । पहिलो- प्राकृतिक विपत्ति जति नै ठूलो र विनाशकारी भए पनि धैर्य, आशा र मानवीय प्रयास कहिल्यै हार्दैन । दोस्रो- हाम्रा सुरक्षा निकायहरू सीमित साधन र स्रोतका बाबजुद पनि विश्वस्तरको उद्धार क्षमता राख्छन् ।

अन्त्यमा, उद्धार टोलीको यो अदम्य साहस, समर्पण र मानवताप्रतिको निष्ठालाई म जोडदार सलाम गर्दछु । अझै पनि बेपत्ता भएका सयौं नागरिकहरूको शीघ्र खोजीको कामना गर्दै यस्ता प्राकृतिक विपद् व्यवस्थापनमा सरकारले आधुनिक प्रविधि र स्रोतसाधनको अझ बढी व्यवस्था गरोस् भन्ने आग्रह पनि गर्दछु ।

**- कल्पना लामा**
बौद्ध, काठमाडौं




**आफन्तजनको नमूना संकलन** | यही भदौ १० गते रसुवाको भोटेकोशी नदीमा आएको बाढीमा परेकाहरूको शव पहिचानका लागि रसुवा अस्पताल धुन्चेमा डिएनए परीक्षणका लागि आफन्तजनहरूको नमूना संकलन गरिँदै । *तस्बिरः रासस*

# बर्दियामा 'डिएनए' नमूना संकलन सुरु

**बाँके–** रसुवाको भोटेकोशी नदीमा आएको भीषण बाढीमा परी सम्पर्कविहीन भएका बर्दियाका नागरिकको अवस्थाबारे पहिचान सुनिश्चित गर्न डिएनए नमूना संकलन आइतबारदेखि सुरु भएको छ । जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक सरोज पौडेलले सम्पर्कविहीन व्यक्तिका आफन्तलाई नमूना दिन आह्वान गर्दै जरुरी सूचना जारी गरिएको जानकारी दिए ।

उक्त सूचनाअनुसार सम्पर्कविहीन व्यक्तिका बुबा, आमा, छोरा वा छोरीमध्ये कुनै एक जनाले डिएनए नमूना दिन सक्ने छन् । बाढीमा परी सम्पर्कविहीन भएका नागरिकको पहिचान सुनिश्चित गर्न आफन्तको नमूना संकलन गर्न लागिएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय, बर्दिया, गुलरियामा हुने नमूना संकलन बिहान ९:०० देखि साँझ ५:०० बजेसम्म हुने सूचनामा उल्लेख छ । नमूना संकलनमा जिल्ला अस्पतालले पनि सहयोग गर्ने छ ।

प्रहरी उपरीक्षक पौडेलले दुई दिनसम्म डिएनए नमूना संकलन हुने उल्लेख गर्दै प्रहरीले सम्पर्कविहीन व्यक्तिका आफन्तलाई तोकिएको मिति, समय र स्थानमा उपस्थित भई नमूना दिन आग्रह गरेको बताए । नमूना दिन आउने आफन्तले आफ्नो परिचय खुल्ने आधिकारिक कागजात र पासपोर्ट साइजका दुईप्रति फोटो अनिवार्य रूपमा ल्याउनुपर्ने सूचनामा उल्लेख छ । प्रहरी उपरीक्षक पौडेलले जिल्लामा आइतबारसम्म ७४ जना सम्पर्कविहीन रहेको बताए । जिल्लाको बारबर्दिया नगरपालिका, बाँसगढी नगरपालिका, गेरुवा गाउँपालिका लगायतका स्थानबाट सम्पर्कविहीन रहेको प्रहरीले जनाएको छ ।

मन्दिरको दान बाढीपहिरो पीडितलाई

नेपालगञ्जको कारकाँदोस्थित राधाकृष्ण मन्दिरमा श्रीकृष्ण जन्माष्टमीका अवसरमा संग्लन भएको दान रकम बाढीपहिरो पीडितका लागि प्रधानमन्त्री राहत कोषमा जम्मा गरिने भएको छ । मन्दिरका दुवै दानपेटी खोल्दा संकलन भएको कूल ३७ हजार ८०८ रूपैयाँ सम्पूर्ण रकम रसुवाका विपद्पीडितको राहत, उद्धार तथा पुनर्स्थापनाका लागि प्रधानमन्त्री राहत कोषमा पठाउने निर्णय गरिएको मन्दिर व्यवस्थापन समितिका सचिव कपिल नेपालले जानकारी दिए ।

उनका अनुसार जन्माष्टमीका दिन शुक्रबार धार्मिक आस्था र भक्तिभावका साथै देशमा गएको विपद्मा ज्यान गुमाएकाहरूप्रति श्रद्धाञ्जलि व्यक्त गरिएको थियो । पूजाअर्चनाका क्रममा देशमा सुख, शान्ति र समृद्धिको सामूहिक कामना गरिएको थियो । भक्तजनबाट संकलन भएको दानदक्षिणालाई विपद्को यस घडीमा सामाजिक उत्तरदायित्व मान्दै राहत कोषमा जम्मा गर्ने निर्णय गरिएको मन्दिर व्यवस्थापन समितिले जनाएको छ ।

# सुखद खबरको पर्खाइमा घर्ती परिवार

■ जनक श्रेष्ठ



**लमजुङ–** बिहानसम्म परिवारसँग फोनमा कुराकानी भइरहेको थियो । घरपरिवारले पनि उनीहरू काममै छन् भन्ने ठानेको थियो । तर यही जेठ १० गते बिहान करिब ८:३० बजेपछि आएको एउटा खबरले बेँसीसहर नगरपालिका-११ का घर्ती परिवारलाई गहिरो पीडामा धकेल्यो, 'रसुवामा बाढी आएको छ, आयोजनामा कार्यरत राधिका र झपटबहादुरको सम्पर्क टुटेको छ ।'

४५ वर्षीय झपटबहादुर घर्ती र ४३ वर्षीया राधिका घर्ती श्रीमान्-श्रीमती हुन् । उनीहरू रसुवास्थित त्रिशूली थ्री 'ए' जलविद्युत् आयोजनामा करिब १०-१२ वर्षदेखि कार्यरत थिए । राधिका खाना पकाउने काम गर्थिन् भने झपटबहादुर सुरुङसम्बन्धी काममा खटिन्थे । बाढी आएको दिन बिहानसम्म सबै सामान्य नै थियो । परिवारसँग करिब ८:३० बजेसम्म सम्पर्क भएको थियो । त्यसपछि भने फोन लागेन । झपटबहादुरको मोबाइलको 'लोकेसन' पनि बिहान करिब ८:५६ बजेसम्म देखिएको थियो । त्यसपछि लोकेसनसमेत देखिन छाड्यो ।

'उहाँहरू कहाँ हुनुहुन्छ भन्ने नै थाहा हुन सकेन । सुरुङ वा पावरहाउस आसपास हुनसक्ने हाम्रो अनुमान छ,' भतिज विशाल घर्तीले भने । बाढीपछि नेपाली सेनाले सुरुङमा एकपटक खोजी गरेको थियो । तर सुरुङभित्रको कठिन अवस्थाका कारण पूर्णरूपमा खोजी गर्न नसकिएको घर्तीको परिवारले जनाएको छ । त्यसपछि परिवारका लागि हरेक दिन प्रतीक्षाको दिन बनेको छ । घर्ती परिवार कतैबाट फोन आउँछ कि, खोजीका क्रममा कुनै खबर भेटिन्छ कि भन्ने आशामा ।

राधिका र झपटबहादुरका दुई छोरा र एक छोरी छन् । जेठो छोरा आमाबुबाको खोजीमा संलग्न छन् । कान्छो छोरा जापानमा छन् भने छोरीको विवाह भइसकेको छ । परिवारका सदस्यहरूका लागि भने अहिले सबैभन्दा ठूलो प्रश्न एउटै छ- उनीहरू कहाँ छन् ? 'अब त न सासको खबर छ, न लासको । जिउँदै भेटिने आश पनि लगभग मरिसकेको छ । तर पनि उनीहरूको अवस्था थाहा पाउन र कम्तीमा शवसम्म भए पनि फेला पार्न पाए हुन्थ्यो,' विशालले भने ।

आफन्तका अनुसार राधिका र झपटबहादुर लामो समयदेखि आयोजनामै काम गर्दै आएका थिए । रोजगारीकै क्रममा रसुवा पुगेका उनीहरू वर्षौंदेखि त्यहीँ कार्यरत थिए । घरपरिवारबाट टाढा रहेर काम गर्दै आएका उनीहरू एकैपटक सम्पर्कविहीन भएपछि परिवारमा बज्रपात भएको छ ।

रसुवामा आएको बाढीपछि राधिका र झपटबहादुरमात्र होइन, लमजुङका अन्य व्यक्तिसमेत सम्पर्कविहीन छन् । जिल्ला प्रहरी कार्यालयका अनुसार रसुवाको बाढीपछि जिल्लाका १० जना सम्पर्कविहीन रहेको जानकारी प्राप्त भएको छ । जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी ज्ञानेन्द्रबहादुर क्षेत्रीका अनुसार सम्पर्कविहीन व्यक्तिको खोजी तथा उनीहरूको अवस्थाबारे जानकारी लिने काम भइरहेको छ ।

बाढी आएको दिनदेखि नै ती परिवारको ध्यान फोनतिर छ । अपरिचित नम्बरबाट फोन आउँदा पनि हराएका आफन्तको खबर पो आयो कि भन्ने आशा जाग्छ । तर फोन अरू कसैको हुन्छ । फेरि उस्तै निराशा । समय बित्दै जाँदा आफन्त जीवितै भेटिने आशा कमजोर बन्दै गएको छ । तर आशा पूर्णरूपमा मरेको छैन । त्यसैले परिवारहरू अझै खोजी टोलीबाट आउने एउटा खबरको प्रतीक्षामा छन् । राधिका र झपटबहादुरको परिवारका लागि पनि अहिले त्यही प्रतीक्षा बाँकी छ- आफन्त जीवितै भेटिन्छन् कि भन्ने अन्तिम आशा, नभए कम्तीमा उनीहरूको अवस्थाबारे सत्य जानकारी ।

रसुवाको बाढीले भौतिक क्षतिमात्र गरेको छैन, लमजुङका यी परिवारलाई आफ्ना आफन्तको अवस्थाबारे अनिश्चित प्रतीक्षामासमेत छाडेको छ । दिनहरू बितिरहेका छन्, आशा कमजोर हुँदै गएको छ, तर परिवारका सदस्यहरू अझै आफ्ना प्रियजनको खबर आउने आशाको त्यान्द्रो समातेर बसिरहेका छन् । *रासस*

# लेदुवा खोलाको पुल सात वर्षदेखि अधुरै



**सुनसरी–** धरान उपमहानगरपालिका-५ स्थित देवीगाउँको लेदुवा खोलामा निर्माणाधीन पुल सात वर्षदेखि अधुरै छ । पुल निर्माण सम्पन्न नहुँदा धरान-४ र ५ का स्थानीयवासी र विद्यार्थीले बर्खायाममा जोखिम मोलेर खोला तर्नुपर्ने बाध्यता छ ।

धरान-५ का दीपक मगर भन्छन्, 'पानी पर्छ, बाढी आउँछ । स्कुल हिँडेका विद्यार्थी बर्खामा खोला बढेपछि पानी घट्ने प्रतीक्षामा घण्टौं खोलाको किनारमा बस्नुपर्ने अवस्था छ । बाढी नघट्दा कहिलेकाहीँ विद्यार्थी विद्यालय नै नगई घर फर्किनुपर्ने अवस्था छ ।'

पुल निर्माणका लागि २०७७ साउन ४ गते कोशी प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालय र वर्ल्ड ट्रेड कन्स्ट्रक्सन कम्पनीबीच एक करोड २१ लाख ८६ हजार रूपैयाँमा सम्झौता भएको थियो । सम्झौताअनुसार २०७८ साउनभित्र निर्माण सम्पन्न गर्नुपर्ने थियो ।

धरान-५ का वडाध्यक्ष मनप्रसाद लिम्बूका अनुसार निर्माणका क्रममा पुलको दुवैतर्फ पिलर उठाइए पनि त्यसपछि काम अघि बढ्न सकेको छैन । करिब ३० प्रतिशत काम भएको र अहिले निर्माण गरिएका पिलरसमेत झाडीले ढाकिएको उनले बताए । 'दुवैतर्फ पिलर उठाइएको थियो, त्यसपछि काम अघि बढेन । अहिले पिलरसमेत झाडीले ढाकिसकेको छ,' उनले भने ।

पुल नहुँदा धरान-४ र ५ का बासिन्दालाई धरान बजारसम्म आवतजावत गर्न समस्या हुने गरेको छ । विशेषगरी बर्खामा खोलामा बाढी आउँदा स्थानीयवासीले जोखिम मोलेर खोला पार गर्नुपर्ने र बिरामीलाई अस्पताल लैजानसमेत कठिन हुने गरेको वडाध्यक्ष लिम्बूले बताए । अस्थायीरूपमा बाँसको पुल बनाए पनि बर्खाको बाढीले बगाउने भएकाले स्थायी पुल आवश्यक रहेको उनको भनाइ छ ।

पुल नहुँदा स्थानीय किसानले उत्पादन गरेका सागसब्जी, दूधलगायत कृषि उपज धरान बजारसम्म पुऱ्याउनसमेत समस्या हुने गरेको छ । धरान-४ र ५ का किसानले उत्पादन गरेका कृषि उपज धरान बजारमा बिक्रीका लागि लैजाने गरेका छन् । पुलको अभावमा विद्यार्थीको पढाइसमेत प्रभावित हुँदै आएको छ ।

धरान-५ मा कक्षा ५ सम्ममात्र पढाइ हुने विद्यालय रहेकाले कक्षा ६ भन्दा माथि अध्ययन गर्ने विद्यार्थी धरान बजारतर्फ जानुपर्ने हुन्छ । मनटार, सुमनटार, मुक्तिलाल, निशानडाँडा र तल्लो निशानडाँडाका विद्यार्थी यही मार्ग हुँदै विद्यालय जाने गरेका छन् । बर्खाको समयमा परीक्षा परेका बेला खोलामा बाढी आएर तर्न नसक्दा विद्यार्थी परीक्षा दिनबाटसमेत वञ्चित हुने गरेका छन् ।

पुल निर्माणका लागि पटकपटक म्याद थपिए पनि निर्माण कम्पनीले काम अघि बढाएको छैन । वडाध्यक्ष लिम्बूका अनुसार २०८१ चैत १२ गते ठेकेदार पक्षसँग जेठ मसान्तसम्म काम सम्पन्न गर्ने सहमति भएको थियो । पछि पुनः सम्पर्क गर्दा २०८२ फागुनसम्म निर्माण सम्पन्न गर्ने जानकारी गराइएको भए पनि हालसम्म काम सुरु भएको छैन ।

पुल निर्माणको विषयमा २०८१ चैतमा कोशी प्रदेशका तत्कालीन भौतिक पूर्वाधार विकासमन्त्री भूपेन्द्र राईले स्थलगत अनुगमन गरेका थिए । सो क्रममा काम नगर्ने ठेकेदार कम्पनीको ठेक्का रद्द गरी धरौटी जफत गर्ने प्रक्रिया अघि बढाइएको जानकारी दिइएको थियो । तर, ठेकेदार कम्पनीले अदालतबाट अन्तरिम आदेश लिएपछि प्रक्रिया अघि बढ्न नसकेको बताइएको छ ।

पुल निर्माण सम्पन्न भए धरान-४ र ५ का बासिन्दाको दैनिक आवतजावत, कृषि उपज ढुवानी, विद्यार्थीको विद्यालय आवतजावत तथा स्वास्थ्य सेवामा पहुँच सहज हुने स्थानीयको अपेक्षा छ । साथै, यस मार्गबाट धनकुटाको राजारानी तथा मोरङको याङ्शीला र केराबारी हुँदै धनकुटा र मोरङसम्म आवतजावत गर्नसमेत सहज हुने वडाध्यक्ष लिम्बूले बताए । *रासस*


**मलेसियामा रोजगार** कम्पनी : KAWALAN KESELAMATAN BUMIJAYA SDN BHD

पूर्व स्वीकृति मिति : २०८१/१२/२५ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०५/२१ | LT. No. 321619 | चलानी नं. ६०२३५७५५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 2 | 0 | 1700 | ६५,५५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ भदौ २९ गते (14th Sep. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

License No. : 1535/078/079
Global Recruitment Group Pvt.Ltd. [BASNET AND GROUP HUMAN RESOURCE PVT LTD]
Tokha-10, Samakhusi, Kathmandu, Head Office Contact: 01-5910484, 9820103691 / 9801193079
Chitwan Branch: 9855063635, Pokhara Branch: 9802853017, Email : info@grgnepal.com.np



**कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ (पैतिस) दिने अत्यन्त जरूरी सूचना**

(प्रकाशित मिति २०८३ साल भदौ महिना २२ गते सोमबार)

यस विकास बैंकको विभिन्न शाखा कार्यालयहरुबाट तपशिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शीर्षक अन्तर्गत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै-दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाका तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्रमा बैंकलाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्न आउनुहुन यो सूचना प्रकाशित गरिएको छ । उक्त अवधि भित्र तपाईले यस संस्थाबाट लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान नगरेमा धितो सुरक्षणमा तपाईले लेखिदिएको सम्पूर्ण चल अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ उपदफा १ ले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरी वा सो बाट समेत संस्थाको सम्पूर्ण लेना रकम असूल उपर नभएमा प्रचलित कानून अनुसार कारबाही गरी बैंकले आफ्नो लेना रकम असुल उपर गर्नुका साथै तपाई ऋणी तथा व्यक्तिगत धनजमानीकर्ता समेतलाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्र लि.को कालो सूचीमा समावेश गरिने व्यहोरा समेत जानकारी गराईन्छ ।

तपशिल

**१) शाखा कार्यालय : पर्सा शाखा** — **कर्जा शीर्षक : आवधिक-व्यक्तिगत कर्जा**

**ऋणीको विवरण**

जियन महतोको बुहारी बन्धु महतोको पत्नी चितवन जिल्ला खैरहनी वडा नं. १ हाल, खैरहनी न.पा. वडा नं. १ बस्ने **धनमाया चौधरी** (ना.प्र.नं. : २३२/०३४ जारी मिति र जिल्ला : २०६२/०९/१३, चितवन)

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

जितना महतोको नाति जियन महतोको छोरा चितवन जिल्ला खैरहनी वडा नं. १ हाल, खैरहनी न.पा. वडा नं. १ बस्ने **बन्धु महतो** (ना.प्र.नं. : ६९८/०३४ जारी मिति र जिल्ला : २०५२/१२/२५, चितवन)

**२) शाखा कार्यालय : मानेभञ्ज्याङ शाखा** — **कर्जा शीर्षक : घरघडेरी कर्जा**

**ऋणीको विवरण**

विरकाजी ब्लोन नाति डिल्लीशेर ब्लोनको छोरा ओखलढुंगा जिल्ला केत्तुके वडा नं. ६ हाल, मानेभञ्ज्याङ गा.पा. वडा नं. ४ बस्ने **सुजल ब्लोन** (ना.प्र.नं. : १३१०५५/३४६ जारी मिति र जिल्ला : २०६८/०१/२५, ओखलढुंगा)

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) डिल्लीशेर ब्लोनको बुहारी सुजल ब्लोनको पत्नी ओखलढुंगा जिल्ला मानेभञ्ज्याङ्ग वडा नं. ४ हाल, मानेभञ्ज्याङ्ग गा.पा. वडा नं. ५ बस्ने **हिरा श्रेष्ठ** (ना.प्र.नं. : १३३०५०/३९८ जारी मिति र जिल्ला : २०७०/०२/०८, ओखलढुंगा)

२) राम बहादुर तामाङको नाति मेहर मान तामाङको छोरा ओखलढुंगा जिल्ला मानेभञ्ज्याङ गा.पा. वडा नं. ४ बस्ने **विष्णु बहादुर तामाङ** (ना.प्र.नं. : ११/११०३/१९०६४/४१ जारी मिति र जिल्ला : २०५५/०६/०१, ओखलढुंगा)

**३) शाखा कार्यालय : दमक शाखा** — **कर्जा शीर्षक : व्यक्तिगत कर्जा(आवधिक)**

**ऋणीको विवरण**

डिल्लीध्वज खड्काको नाति इन्द्र बहादुर खड्काको छोरा सुनसरी जिल्ला महेन्द्रनगर वडा नं. ७ हाल, बराहक्षेत्र न.पा. वडा नं. ८ बस्ने **नबिन खड्का** (ना.प्र.नं. : १०२१३७/२०२१३७ जारी मिति र जिल्ला : २०६२/०५/२३, सुनसरी)

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) हर्क बहादुर खड्काको नाति डिल्लीध्वज खड्काको छोरा खोटाङ जिल्ला लिकुवापोखरी वडा नं. ५ हाल, सुनसरी जिल्ला बराहक्षेत्र न.पा. वडा नं. ८ बस्ने **इन्द्र बहादुर खड्का** (ना.प्र.नं. : ७७५७/५९१ जारी मिति र जिल्ला : २०४०/३/१३, खोटाङ)

२) भीम बहादुर बस्नेतको छोरी डिल्लीध्वज खड्काको बुहारी इन्द्र बहादुर खड्काको पत्नी खोटाङ्ग जिल्ला लिकुवापोखरी वडा नं. ५ हाल, सुनसरी जिल्ला बराहक्षेत्र न.पा. वडा नं. ८ बस्ने **अम्बिका माया खड्का** (ना.प्र.नं. : ३७१/१७३८, जारी मिति र जिल्ला : २०४४/११/१५, खोटाङ्ग)

३) भरत बुढाथोकीको छोरी इन्द्र बहादुर खड्काको बुहारी नविन खड्काको पत्नी मोरङ्ग जिल्ला विराटनगर वडा नं. ४ हाल, सुनसरी जिल्ला बराहक्षेत्र न.पा वडा नं. ८ बस्ने **निकिता बुढाथोकी** (ना.प्र.नं. : ०५१०६६/८४९७ जारी मिति र जिल्ला : २०६८/०३/२८, मोरङ्ग)

४) लेखनाथ न्यौपानेको छोरी इन्द बहादुर खड्काको बुहारी रविन खड्काको पत्नी मोरङ्ग जिल्ला वेलबारी वडा नं. ३ हाल, सुनसरी जिल्ला बराहक्षेत्र न.पा. वडा नं. ८ बस्ने **निशा न्यौपाने** (ना.प्र.नं. : ०५-०१-७०-१५४०१ जारी मिति र जिल्ला : २०७०/३/१४, मोरङ्ग)

**४) शाखा कार्यालय : कलंकी शाखा** — **कर्जा शीर्षक : आवास कर्जा**

**ऋणीको विवरण**

चक्र बहादुर अधिकारीको नाति माधव अधिकारीको छोरा उदयपुर जिल्ला हडिया गा.वि.स. वडा नं. ८ हाल, भक्तपुर जिल्ला सूर्यविनायक न.पा. वडा नं. २ बस्ने **झलक बहादुर अधिकारी** (ना.प्र.नं. : ८०२०५ जारी मिति र जिल्ला : २०६३/०४/०८, उदयपुर)

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) माधव अधिकारीको बुहारी झलक बहादुर अधिकारीको पत्नी उदयपुर जिल्ला हडिया वडा नं. ७ हाल, भक्तपुर जिल्ला सूर्यविनायक न.पा. वडा नं. २ बस्ने **करुणा राउत** (ना.प्र.नं. : १४१०१०/९२८७४ जारी मिति र जिल्ला : २०६५/०८/१९, उदयपुर)

२) लाल बहादुर अधिकारीको नाति चक्र बहादुर अधिकारीको छोरा उदयपुर जिल्ला हडिया वडा नं. ८ हाल, चौदण्डीगढी न.पा. वडा नं. १० बस्ने **माधव अधिकारी** (ना.प्र.नं. : ४१७६ जारी मिति र जिल्ला : २०४६/०२/०७, उदयपुर)

३) चक्र बहादुर अधिकारीको बुहारी माधव अधिकारीको पत्नी उदयपुर जिल्ला हडिया वडा नं. ८ हाल, चौदण्डीगढी न.पा. वडा नं. १० बस्ने **पवित्रा अधिकारी** (ना.प्र.नं. : ४०७ जारी मिति र जिल्ला : २०६१/१२/१५, उदयपुर)

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.

Central Office: Lazimpat, Kathmandu
Tel.: 01-5970887
Toll Free No.: 16600149999 (NTC), 18102149999 (Ncell)
E-mail: info@muktinathbank.com.np
Web: www.muktinathbank.com.np

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
| --- | --- | --- |
| प्रति तोला – ३०४३०० | प्रति तोला – ० | प्रति तोला – ४७२५ |



**बेलीब्रिज जडान गरिंदै** | नुवाकोटको देवीघाट बजारस्थित तादी नदीमाथि बेलिब्रिज जडान गर्दै नेपाली सेना । भदौ १० को भोटेकोशी बाढीले पुल बगाएपछि शनिबारदेखि बेलिब्रिज जडान गर्न सुरु गरिएको हो । *तस्बिरः रासस*

# भोटेकोशी विपद्को असरबाट पोखराको पर्यटन जोगाउन निजी क्षेत्रको चिन्ता

■ **प्रभाव संवाददाता**

**कास्की–** यही भदौ १० गते भोटेकोशी नदीमा आएको विनाशकारी बाढीपछि त्यसको नकारात्मक असर देशको पर्यटकीय राजधानी पोखराको पर्यटन र समग्र अर्थतन्त्रमासमेत पर्न थालेको भन्दै निजी क्षेत्रले चिन्ता व्यक्त गरेको छ ।

पोखरा उद्योग वाणिज्य संघको ३६औं महाधिवेशनको शनिबार उद्घाटन कार्यक्रममा सहभागी उद्योगी तथा पर्यटन व्यवसायीले विपद्प्रभावित क्षेत्रबाहेक नेपालका अन्य पर्यटकीय गन्तव्य सुरक्षित र सञ्चालनमा रहेको सन्देश अन्तर्राष्ट्रिय बजारसम्म पुऱ्याउनुपर्ने आवश्यकता औंल्याए । विपद्का कारण पूरै देश नै असुरक्षित बनेकोजस्तो नकारात्मक सन्देश बाहिर गएको उल्लेख गर्दै उनीहरूले पोखरा सुरक्षित रहेको र भ्रमणका लागि उपयुक्त गन्तव्य भएको सन्देश प्रवाह गर्नुपर्नेमा जोड दिए ।

नेपाल उद्योग वाणिज्य महासंघका पूर्वअध्यक्ष आनन्दराज मुल्मीले प्राकृतिक विपत्तिको असर पोखराको पर्यटन क्षेत्रमा गम्भीररूपमा पर्न थालेको बताए । विपद्सम्बन्धी नकारात्मक सन्देशका कारण पर्यटक आगमन प्रभावित हुनसक्ने भन्दै उनले पोखराको अर्थतन्त्रमा पर्न सक्ने असरबारे समयमै चिन्तन गर्नुपर्नेमा जोड दिए ।

'प्राकृतिक विपत्तिपछि अहिले पर्यटक आउन सकेका छैनन् । लामो समय पर्यटक आएनन् भने पोखराको अर्थतन्त्रमा कस्तो असर पर्ला ? यसबारे चिन्तन मनन गर्दै समाधानका लागि अहिल्यै लाग्नुपर्छ । ढिला गर्ने छुट हामीलाई छैन,' उनले भने । नेपाल पर्यटन बोर्डका सदस्य सन्तोष पोखरेलले विपद्प्रभावित क्षेत्रबाहेक नेपालका अधिकांश पर्यटकीय गन्तव्य खुला र सुरक्षित रहेको सन्देश अन्तर्राष्ट्रिय क्षेत्रमा प्रभावकारीरूपमा प्रवाह गर्नुपर्ने बताए । 'विपद्को प्रत्यक्ष असर नपरेका क्षेत्रमासमेत पर्यटन गतिविधि घट्दा असर परेको छ । पोखरासहित नेपालको पर्यटन क्षेत्रको विकास तथा अन्तर्राष्ट्रिय प्रचारप्रसारमा सक्रिय भूमिका खेल्नुपर्ने खाँचो छ,' उनले भने ।

नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष अञ्जनकुमार श्रेष्ठले भोटेकोशी बाढीप्रभावित नागरिकको राहत तथा पुनःस्थापनाका लागि अन्तर्राष्ट्रिय समुदायसँगसमेत सहयोग मागिएको बताए । उनले महासंघले विश्वका ७० वटा उद्योग तथा वाणिज्य संघलाई पत्र पठाएर नेपालको विपद् पुनःस्थापनामा सहयोग गर्न आग्रह गरेको जानकारी दिए ।

'विपत्तिबाट प्रभावित नागरिकको राहत तथा पुनःस्थापनाका लागि राज्यलाई ठूलो आर्थिक स्रोत आवश्यक छ । त्यसका लागि हामीले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा सहयोगका लागि आह्वान गरेका छौं । विदेशमा रहेका उद्योग तथा वाणिज्य संघसँगसमेत सहयोगका लागि पहल भइरहेको छ,' अध्यक्ष श्रेष्ठले भने, 'देशमा ठूलो विपत्ति परेको छ । यस्तो अवस्थामा सबै व्यवसायी तथा निजी क्षेत्रले मानवीय भावनाका साथ खुलेर सहयोग गर्नुपर्छ ।'

अध्यक्ष श्रेष्ठले नेपालमा विपद्को जोखिम बढ्दै गएको उल्लेख गर्दै दीर्घकालीनरूपमा विपद् न्यूनीकरणका लागि पूर्वतयारी र योजनाबद्ध विकासमा जोड दिनुपर्ने बताए । नदी तथा खोला किनारमा भइरहेको अव्यवस्थित बस्ती विस्तार, हिमताल र अन्य प्राकृतिक जोखिमलाई गम्भीरतापूर्वक लिनुपर्ने उनको भनाइ थियो । निजी क्षेत्र अहिले चुनौतीपूर्ण अवस्थामा रहेको उल्लेख गर्दै उनले व्यवसायीलाई निरुत्साहित गर्नेभन्दा लगानी र उद्योग सञ्चालनका लागि सहज वातावरण बनाउन सरकारसँग आग्रह गरे ।

### लक्ष्मी विद्या पदकबाट तीन विद्यार्थी सम्मानित

कार्यक्रमका अवसरमा लक्ष्मी ग्रुप प्रालिद्वारा स्थापित तथा पोखरा उद्योग वाणिज्य संघद्वारा सञ्चालित 'लक्ष्मी विद्या पदक-२०८२' बाट व्यवस्थापन संकायअन्तर्गत कास्की जिल्लामा उत्कृष्ट नतिजा हासिल गर्ने तीन विद्यार्थी सम्मानित भएका छन् ।

स्नातकोत्तर तह (एमबिएस) मा जनप्रिय बहुमुखी क्याम्पसकी ज्योति तामाङ, स्नातक तह (बिबिए)तर्फ पोखरा कलेज अफ म्यानेजमेन्टकी समीक्षा तिमिल्सिना तथा बिबिएसतर्फ जनप्रिय बहुमुखी क्याम्पसका सन्तोष थापा सम्मानित भए । उनीहरूलाई माला, दोसल्ला, ताम्रपत्र, विद्यापदक तथा नगद पुरस्कार प्रदान गरिएको थियो ।

# भोटेकोशी बाढीपछि कोरला नाका चलायमान

## भन्सार र क्वारेन्टाइनमा थपिए कर्मचारी

**मुस्ताङ–** नेपाल-चीन उत्तरी कोरला नाकास्थित लोमान्थाङ गाउँपालिका-४ न्हेचुङमा रहेको मुस्ताङ भन्सार र प्लान्ट (वनस्पति) क्वारेन्टाइन कार्यालयमा कर्मचारी थपिएको छ ।

मुस्ताङ भन्सार भन्सारका लागि छ जना कर्मचारी थप गरी भन्सार विभागले खटाउने अन्तिम तयारी गरेको छ भने वनस्पति क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रले तीन जना कर्मचारीलाई मुस्ताङ पठाइसकेको छ ।

रसुवाको भोटेकोशीमा आएको विनाशकारी बाढीका कारण (रसुवागढी-केरुङ) नाका पूर्णरूपमा बन्द भएसँगै भन्सार विभागले मुस्ताङको कोरला नाकास्थित भन्सार कार्यालयका लागि छ जना कर्मचारी काजमा पठाउने तयारी गरिएको मुस्ताङ भन्सार कार्यालयका प्रमुख विदुर चुडालले जानकारी दिए । उनका अनुसार भन्सार विभागले तीन अधिकृत र तीन जना नायब सुब्बास्तरका कर्मचारी भन्सार कार्यालयमा पठाउने तयारी गरेको हो ।

'तीन/तीन जना अधिकृत र नायब सुब्बा खटाउने तयारी भइसकेको छ, लगातारको बिदाले उनीहरू आउन ढिलाइ भएको हो,' भन्सार प्रमुख चुडालले भने, 'कार्यालय खुल्ने दिनमै खटाइएका कर्मचारी रवाना लिएर कार्यस्थलमा आइपुग्नुहुन्छ ।' उनका अनुसार मुस्ताङ भन्सार कार्यालयमा १८ जनाको दरबन्दी छ ।

हाल मुस्ताङ भन्सारमा १२ जनामात्रै कर्मचारी छन् । रसुवागढी-केरुङ नाका पूर्णरूपमा बन्द भएसँगै भन्सार विभागले मुस्ताङ भन्सार कार्यालयमा दरबन्दीअनुसारको कर्मचारी पदपूर्ति गर्न लागेको हो । रसुवागढी र तातोपानी नाका पूर्णरूपमा बन्द भएसँगै मुस्ताङको कोरला नाका वैकल्पिक मार्गका रूपमा स्थापित हुने अपेक्षा गरिएको छ ।

> रसुवाको भोटेकोशीमा आएको विनाशकारी बाढीका कारण (रसुवागढी-केरूङ) नाका पूर्णरूपमा बन्द भएसँगै भन्सार विभागले मुस्ताङको कोरला नाकास्थित भन्सार कार्यालयका लागि छ जना कर्मचारी काजमा पठाउने तयारी गरिएको मुस्ताङ भन्सार कार्यालयका प्रमुख विदुर चुडालले जानकारी दिए ।

रसुवागढी-केरुङ नाका बन्द भई रोकिएका सामग्रीलाई कोरला नाकातर्फ फिर्ता पठाउन लागिएपछि मुस्ताङ भन्सार र क्वारेन्टाइन कार्यालयलाई सक्रिय बनाउन थालिएको भन्सार प्रमुख चुडालले उल्लेख गरे । थप कर्मचारी खटाउन लागिए पनि आवास तथा भौतिक पूर्वाधारको समस्या हुँदा व्यवस्थापनमा चुनौती देखिएको उनले बताए ।

'कोरला नाका पूर्णरूपमा सञ्चालन नभई उपल्लो मुस्ताङका नागरिकलाई मात्रै अन्तरदेशीय अल्पकालीन हाटबजार लाग्दामात्रै बर्सेनि दुईपटक सीमित समय भन्सार कार्यालय सक्रिय हुन्थ्यो । सो समयमा कम कर्मचारीमात्रै भन्सारमा हुन्थे । २०८२ भदौ ३१ गते मुस्ताङको कोरलालाई वैकल्पिक नाकाका रूपमा सञ्चालन गरिएसँगै भन्सारमा जनशक्ति थप गरिएको हो,' उनले भने ।

नाकामा क्वारेन्टाइन कार्यालय वि.सं. २०६२/६३ मा स्थापना गरिएको थियो । क्वारेन्टाइन कार्यालय स्थापना भए पनि कार्यालयका चाहिने दरबन्दीअनुसारको जनशक्ति र क्वारेन्टाइन परीक्षण गर्ने उपकरण नहुँदा सहज तरिकाले सञ्चालन हुन नसकेको उनको भनाइ छ । न्हेचुङमा रहेको क्वारेन्टाइन कार्यालयमा पाँच जनाको दरबन्दी रहे पनि एक जना प्राविधिक सहायक कार्यरत छन् ।

रसुवाको भोटेकोशी बाढीका कारण (रसुवागढी-केरुङ) नाका बन्द भएको र तातोपानी नाका सञ्चालनमा आउन नसकेपछि मुस्ताङमा रहेको क्वारेन्टाइन कार्यालयलाई सक्रिय बनाउन थालिएको प्रमुख चुडालले उल्लेख गरे ।

उनका अनुसार रसुवागढी-केरुङ नाकाबाट कोरला नाकातर्फ पठाइएका सयौं कन्टेनरमा रहेका फलफूलको क्वारेन्टाइन परीक्षण गर्नुपर्ने भएकाले कृषि, वन तथा पर्यावरण मन्त्रालयअन्तर्गत रहेको प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रले केही कर्मचारीलाई मुस्ताङ पठाइसकेको छ ।

मुस्ताङको लोमान्थाङ-४ न्हेचुङस्थित क्वारेन्टाइन कार्यालयकी निमित्त प्रमुख एवं प्राविधिक सहायक बन्दना घर्तीमगरका अनुसार क्वारेन्टाइनका लागि तीन जना कर्मचारी जोमसोम आइपुगेका जानकारी दिइन् । केन्द्रले भन्सार विभागको समन्वयमा वरिष्ठ बाली सरक्षण अधिकृत (एक) र कम्प्युटर अपरेटर (एक) जना कर्मचारी काजमा मुस्ताङ पठाएको निमित्त प्रमुख घर्तीमगरले उल्लेख गरिन् ।

भन्सार प्रमुख चुडालले क्वारेन्टाइनका लागि आउने कर्मचारीको आवश्यक समन्वय गर्नु भन्ने विभागबाट जानकारी प्राप्त भइसकेको बताए । योसँगै मुस्ताङ भन्सार कार्यालय र यहाँ रहेको क्वारेन्टाइन कार्यालयको कार्यसम्पादन थप गतिशील हुने देखिएको छ । उनका अनुसार रसुवागढीनाका बन्द भएपछि कोरला नाकातर्फ मालवस्तु पैठारीका लागि दैनिक ५० भन्दा बढी कन्टेनर यसतर्फ आइरहेका छन् । *रासस*

# पवित्र लुम्बिनी सहकारीको अध्यक्षमा पोखरेल निर्विरोध

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** पवित्र लुम्बिनी बचत तथा ऋण सहकारी संस्था लिमिटेडको अध्यक्षमा टेकराज पोखरेल निर्विरोध निर्वाचित भएका छन् । संस्थाको १७औं वार्षिक साधारणसभाले पोखरेलको अध्यक्षतामा नयाँ सञ्चालक समिति निर्विरोध चयन गरेको हो ।

साधारणसभाको उद्घाटन पूर्वअर्थमन्त्री रामेश्वर खनालले गरेका थिए । खनालले सहकारीको भीडमा पवित्र लुम्बिनी बचत तथा ऋण सहकारी संस्था चुस्त, दुरुस्त र मजबुत अवस्थामा रहेको बताए । उनले नवनिर्वाचित समितिले सहकारीको गरिमा अझ उचाइमा पुऱ्याउँदै सदस्यहरूको हितमा प्रभावकारी ढंगले काम गर्ने विश्वास व्यक्त गरे । उनले नवनिर्वाचित कार्यसमितिलाई सफल कार्यकालको शुभकामनासमेत दिए ।

लुम्बिनी तन्दुरी व्यवसायी संघका अध्यक्ष सुरज पोखरेलले 'पवित्र लुम्बिनी' नामजस्तै संस्थाको काम र गतिविधि पनि पवित्र तथा विश्वासिलो रहेको बताए ।




साधारणसभामा संस्थाको वर्तमान अवस्था, आर्थिक तथा संस्थागत प्रगति, आगामी योजना र सहकारीको थप विकासका विषयमा छलफल गरिएको थियो । सभाले संस्थालाई थप व्यवस्थित, पारदर्शी र सदस्यकेन्द्रित बनाउँदै अघि बढ्ने प्रतिबद्धतासमेत व्यक्त गरेको छ । नवनिर्वाचित अध्यक्ष पोखरेलले सदस्यहरूको हितलाई पहिलो प्राथमिकतामा राख्दै संस्थाको संस्थागत विकास, सुशासन र पारदर्शितालाई अझ मजबुत बनाउने प्रतिबद्धता जनाए ।

# कोरिडोर केन्द्रित कृषि उत्पादन कार्यक्रम

**म्याग्दी–** गण्डकी प्रदेश सरकारले म्याग्दीस्थित कालीगण्डकी कोरिडोर केन्द्रित कृषि उत्पादन तथा प्रवर्द्धन कार्यक्रम सञ्चालन गरेको छ । नयाँ पर्यटकीय गन्तव्य र व्यापारिक मार्गका रूपमा विकास भएको चीन र भारत जोड्ने कालीगण्डकी कोरिडोर सडकमा जोडिएका स्थानीय तहमा कृषि उत्पादन वृद्धि र बजारीकरणमा सघाउने उद्देश्यले कार्यक्रम सञ्चालन भएको हो ।

गत आर्थिक वर्ष २०८२/८३ मा कृषि विकास कार्यालय र भेटेरिनरी अस्पताल तथा पशु सेवाविज्ञ केन्द्रमार्फत २०/२० लाख रूपैयाँ बजेट परिचालन भएको उक्त कार्यक्रमका लागि चालु आर्थिक वर्ष २०८३/८४ मा पनि गत वर्ष बराबर नै बजेट प्राप्त भएको छ ।

कार्यक्रम कार्यान्वयनका लागि दुईवटै कार्यालयले कृषकहरूबाट प्रस्ताव आह्वान गरेका छन् । कृषि विकास कार्यालयका प्रमुख वरिष्ठ कृषि विकास अधिकृत सञ्जीव बाँस्तोलाले लोकमार्ग तथा करिडोर आसपासका क्षेत्रमा तरकारी, माछामासु, अण्डा र दूधको उत्पादन वृद्धिसँगै सहज बजारीकरण गर्ने उद्देश्यले कार्यक्रम सञ्चालन भएको हो । 'युवाहरूलाई कृषि तथा पशुपालनतर्फ आकर्षित गर्न प्रदेश सरकारको कार्यविधिअनुसार ५० देखि ८० प्रतिशतसम्म कृषि फार्म, समूह तथा सहकारीलाई अनुदान दिन्छौं,' उनले भने, 'कालीगण्डकी कोरिडोर सडकमा समेटिएको बेनी नगरपालिका, रघुगंगा र अन्नपूर्ण गाउँपालिकामा कार्यक्रम लागू भएको छ ।'



कोरिडोर सडक र मुस्ताङका होटल तथा रेस्टुरेण्टका लागि आवश्यक पर्ने कृषि तथा पशुजन्य वस्तुको स्थानीयस्तरमै आपूर्ति गराउने र आयात घटाउने कार्यक्रमको उद्देश्य रहेको भेटेरिनरी अस्पताल तथा पशु सेवाविज्ञ केन्द्रका सूचना अधिकारी सुभाष रेग्मीले बताए । कार्यक्रममार्फत कृषितर्फ तरकारी खेतीका लागि पलास्टिक घर, सिँचाइ पोखरी, खेती विस्तार तथा पशुतर्फ फार्म स्थापना र क्षमता विस्तारमा सहयोग गरिएको छ ।

यसैबीच, गण्डकी प्रदेश सरकारले म्याग्दीमा फलफूल, तरकारी, आलु र खाद्यबाली खेती गरेका किसानलाई अनुदान वितरण गर्न आर्थिक वर्ष २०८३/८४ मा तीन करोड रूपैयाँभन्दा बढी बजेट पठाएको छ । सूचना अधिकारी रेग्मीका अनुसार कार्यालयले फलफूल तथा आलु र खाद्यबालीको उत्पादकत्व वृद्धि, सिँचाइ तथा यान्त्रिकीकरण विस्तार, फलफूल तथा आलुखेतीको व्यावसायिकीकरण, रैथाने बाली संरक्षण, प्रांगारिक कृषि, जलवायु अनुकूल प्रविधि र कृषि उद्यम विकासलाई जोड दिँदै किसानको आयआर्जन र व्यावसायिकीकरणमा योगदान पुऱ्याउने लक्ष्य लिएको छ । *रासस*

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ